मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक १३९ ● २०७९ साल चैत १७ गते शुक्रबार ● Friday 31, Mar. 2023 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## वीरगंजमा श्रीरामको रथसहित भव्य शोभायात्रा



मधेशदृष्टि
वीरगंज, १६ चैत ।
चैत्रशुक्ल नवमी अर्थात रामनवमीका अवसरमा विहीबार वीरगंजमा भव्य शोभायात्रा निकालिएको छ ।
विश्व हिन्दू परिषद् नेपाल तथा विभिन्न हिन्दू धर्मसँग आवद्ध संघसंगठन तथा मठमन्दिरको आयोजनामा भगवान श्रीरामको यात्रा निकालिएको हो । वीरगंजको घण्टाघर हुँदै निस्किएको शोभा यात्राले माइस्थान, आदर्शनगर परिक्रमा गरी पावरहाउस चोक हुँदै नारायणी रंगशाला पुगेको थियो ।
लक्ष्मणवा, गण्डक, पावर हाउस चोक, मुर्ली, रानीघाट, नगवाबाट निस्किएको जुलुस एकीकृत भई घण्टाघरबाटवृहतरुपमानिकालिएको शोभायात्राले मेनरोडको ट्राफिक व्यवस्थापनसमेत अस्तव्यस्त भएको थियो । भगवान श्रीरामको रथसहित झाँकी, जुलुस, कलशयात्रामा हजारौँको संख्यामा ' जयश्रीराम'को नारा घन्काउदै निस्किएको शोभायात्रामा महिला, पुरुष हिन्दू भक्तजनको वृहत सहभागिता थियो । यात्रामा सहभागी भक्तजनलाई

- बाँकी पृष्ठ ६ मा

### गहवामाइमा महाआरती

चैत्रशुक्ल नवमी अर्थात रामनवमीका अवसरमा वीरगंजस्थित गहवामाई मन्दिर परिसरमा महाआरती भएको छ । गहवामाई मन्दिर सञ्चालक समिति तथा विभिन्न धार्मिक संघसंस्थाको संयुक्त आयोजनामा बिहीबार साँझ भएको महाआरतीमा नगरवासीको उल्लेख्य सहभागिता थियो । मन्दिर परिसरभित्रै भव्य मञ्च निर्माण गरी महाआरती गरिएको थियो ।

## जनता प्राविमा भ्रष्टाचार भएको तथ्य सार्वजनिक

*'चेक नम्बर ००७५७२३९६९ बाट ३ लाख ७० हजार रुपैयाँ कमिसन भुक्तानी भएको खुलासा'*



मधेशदृष्टि
वीरगंज, १६ चैत ।
पर्साको पर्सागढी नगरपालिका-३ बडनियारस्थित जनता प्राविधिक विद्यालयमा व्यापक भ्रष्टाचार भएको तथ्य सार्वजनिक भएको छ ।
प्राविधिक विद्यालयमा विद्यालय निर्माण सुधार, टनेल हाउस निर्माण तथा ल्याब सामग्री खरिदमा आएको रकममा अनियमितता भएको स्थानीयको दाबी छ । व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना कार्यक्रमअन्तर्गत गुणस्तर सुधारका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विद्यालयले १ करोड ५० रुपैयाँ अनुदान प्राप्त गरेकामा हालसम्म २५ प्रतिशतसमेत निर्माण कार्य

- बाँकी पृष्ठ ६ मा

## मधेशमा रासायनिक मल उद्योग खोल्नेलाई निःशुल्क जगगाः मुख्यमन्त्री

*'५० करोड रुपैयाँ लागतमा वीरगंजस्थित निर्माण गरिएको सुक्खा बन्दरगाहको बर्षेनी भाडा मात्रै ७० करोड प्राप्त भइरहेको बताउँदै यस्ता स्थानमा सरकारले लगानी गर्नुपर्ने उद्योगी, व्यवसायीको सुझाव'*



हरिशंकर शर्मा
जनकपुरधाम, १६ चैत ।
मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवले देशले सम्भावनालाई खेर फालिरहेको बताएका छन् । नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशको तेस्रो पद हस्तान्तरण कार्यक्रममा मुख्यमन्त्री यादवले देशमा रहेको जलस्रोत खेर गइरहेको तर सिचाइँको व्यवस्था नभएको बताए । उनले युवाशक्ति विदेश पलायन भइरहेको तर रोजगारीका लागि उद्योग सञ्चालनमा सरकारको ध्यान नभएको बताए । दुवै क्षेत्र प्रयोगमा नआए मुलुक समृद्ध नहुने यादवको भनाइ थियो ।
'मधेश प्रदेशमा सिचाइँका लागि विद्युत आवश्यकता पर्छ, रोजगारी उद्योगीबाट हुन्छ, उद्योग खुलेपछि मात्रै युवाले रोजगारी पाउने हो,' मुख्यमन्त्रीले भने, 'तर विडम्बना देशमा यी दुवै क्षेत्रलाई बेवास्ता गरिएको छ, जबसम्म यो दुवै प्रयोगमा आउँदैन, तबसम्म मुलुक समृद्ध हुन सक्दैन ।' २५ वर्षको राजनीतिक करियरमा देशका बारे सोच्ने नेता नेपालमै जन्मिन नसकेको भन्दै आफ्नो पार्टी, आफन्तबाहेक उद्योगपति, किसान, सर्वसाधारणप्रति सकारात्मक दृष्टिकोणले हेर्ने कुनै नेता नरहेको मुख्यमन्त्रीको दाबी जिकिर छ ।
'तपाईं उद्योगी आएर एकपटक समन्वय गर्नुहोस्, प्रदेश सरकारले भूमि ऐन पनि ल्याउँदैछ, उद्योग खोल्ने उद्योगीलाई जग्गा उपलब्ध गराइनेछ भने यो प्रदेशमा रासायनिक मल उद्योग ल्याउनेलाई प्रदेश सरकारले निःशुल्क जग्गा उपलब्ध गराउने घोषणा गर्दछु,' मुख्यमन्त्री यादवले भने, 'मल उत्पादन गर्ने क्रममा प्रदेश सरकारले दिनसक्ने अनुदानसमेत उपलब्ध गराउने प्रतिबद्धता जनाउँछु, उद्योगीको सहयोगमा २४ सैं घण्टा तयार रहन्छु र काँधमा काँध मिलाएर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु ।
वन तथा पर्यटन राज्यमन्त्री रहबर अन्सारीले सरकारले जहिल्यै उद्योगीको हौसला बढाउने काम गर्नुपर्ने बताए । उनले मधेश प्रदेश सरकारसँग उद्योगी व्यापारीले पनि विश्वास राखेर काम गरे उद्योगी व्यवसायीको हौसला बढाइने र सुरक्षाको प्रत्याभूति गराइने बताए । 'महिलाहरुलाई सिलाई कटाई, पात बनाउने तालिम दिएर मुलुक समृद्ध हुँदैन, मुलुकलाई समृद्ध बनाउन क्रिएटिभ काम जरुरी छ,' अन्सारीले भने, 'यस्तो काम लिएर आउनुहोस्, प्रदेश सरकारको साथ छ, प्रदेश सरकारलाई विश्वासमा लिएर काम गर्नु भए पक्कै मधेश प्रदेशमा सफलता पाउनुहुनेछ ।'
कार्यक्रममा सार्क उद्योग वाणिज्य महासंघका उपाध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष चण्डीराज ढकालले मधेश प्रदेशमा उद्योग व्यवसायको सम्भावना प्रबल रहेका कारण लगानी क्षेत्र पहिचान गरी स्वदेशी तथा विदेशी लगानीकर्ता भित्र्याउन आग्रह गरे । उनले मधेश प्रदेश उद्योग र व्यवसाय क्षेत्रको प्रदेश भएको र नेपाली अर्थतन्त्र आयात निर्यातको ठूलो राजस्व संकलन गर्ने प्रदेश पनि यही भएकाले प्रशस्त सम्भावना भएको बताए । 'तपाईंसँग स्रोत र साधन छ, लगानीका क्षेत्रहरु पहिचान गरेर प्रदेश सरकारसँग छलफल समन्वय गरी स्वदेशी र विदेशी लगानीकर्तालाई सम्भावनाका क्षेत्रमा प्रवेश गर्ने कार्य

- बाँकी पृष्ठ ६ मा



# जनकपुरधाममा पनि मनाइयो रामनवमी

## भंगवा रंगको शक्ति प्रदर्शनको क्रममा विवाद



मधेशदृष्टि
जनकपुरधाम, १६ चैत ।

जनकपुरधाममा समेत भगवान श्रीरामको जन्मोत्सवको अवसरमा शुक्ल नवमीका दिन मनाइने रामनवमी पर्वको अवसरमा जनकपुरधामस्थित राममन्दिर र जानकी मन्दिरमा पूजापाठ गर्न श्रद्धालुको घुइँचो लागेको थियो ।

रामनवमीमा सहभागी हुन नेपाल तथा भारतबाट हजारौंको संख्यामा श्रद्धालुहरू जनकपुरधामस्थित राममन्दिरमा दर्शनका लागि आएका छन् । त्रेतायुगमा आजकै दिन अयोध्यामा मर्यादा पुरुषोत्तम भगवान रामको जन्म भएको पौराणिक ग्रन्थहरुमा उल्लेख छ । बिहीवार दिन देशभरी रामको स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डमहरुमा स्नान ध्यान गरी व्रत बसेर रामगीता पाठ, अध्यात्म वाल्मीकि र तुलसीकृत-रामायण वाचन गर्नुका साथै भगवान रामको पूजाआराधना गरी रातभरी भजनकीर्तन र जाग्राम साधुसन्तहरु बसेका छन् ।

अयोध्याका राजा दशरथको ज्येष्ठ पुत्र राम भगवान विष्णुको सातौँ अवतारको रुपमा जन्मेको धार्मिक ग्रन्थमा उल्लेख छ । रामले मिथिलाका राजा जनकका पुत्री सीतासँग विवाह गरेका थिए । यो पर्व चैती नवरात्रीको बीचमै परेकाले भगवान रामका साथै आदिशक्ति नव दुर्गा देवीको समेत पूजाआजा गरिन्छ । रामनवमीको अवसरमा मधेस प्रदेश सरकारले आज सार्वजनिक बिदासमेत दिएको छ ।

जनकपुरधाममा भगवान् रामको ससुराली रहेकाले पनि यहाँ यस पर्वको विशिष्ट महत्त्व भएकाले राम नवमी पर्व मनाउन भारत र नेपालका सयौं साधु/सन्त जनकपुरधाम आउने गर्छन् । राम मन्दिरमा हुने रामनवमी पूजाको सम्पूर्ण तयारी गुठी संस्थानले गर्ने गरेको छ । मध्याह्न १२ बजे भगवान् रामको जन्मोत्सवको अवसरमा विधिविधानपूर्वक पूजा अर्चना गरिएको छ भने साँझ बधाई गानसहित झाँकी प्रस्तुत गरिएका राम मन्दिरका महन्थ गिरीले बताएका छन् ।

अगस्त्य संहिताअनुसार चैत शुक्ल पक्षको नवमी तिथिका दिन पुनर्वसु नक्षत्र, कर्क लग्नमा जब सूर्य अन्य ५ ग्रहको शुभ दृष्टिका साथ मेष राशिमा रहेको समय माता कौशल्याको गर्भबाट भगवान् श्रीरामको जन्म भएको थियो ।

भारतस्थित चेन्नईको एक गैरसरकारी संस्था भारत ज्ञानले लामो अनुसन्धान पश्चात् रामको जन्म ५११४ ई.पू. १० जनवरीमा भएको दाबी गरेको छ । भगवान् रामको मिथिलासँगको सम्बन्ध प्रगाढ छ । उनको विवाह मिथिला नरेश जनकको पुत्री सीतासँग भएको थियो। भगवान् राम विवाहका लागि विश्वामित्र ऋषिसँगै जनकपुरधाम आएका थिए । जानकीसँगको पहिलो भेट गिरिजा स्थानमा भएको थियो। स्वयम्बर रंगभूमि मैदानमा र विवाह मणि मण्डपका अवशेष अहिले पनि मिथिलामा छन् । सीतारामसँग सम्बन्धित ती स्थलहरुलाई श्रद्धालुहरुले श्रद्धापूर्वक हेर्छन् ।

यसैबीच जनकपुरधाममा रामनवमीको अवसरमा हिन्दू सम्राट सेनाले घरेलु जय श्रीरामको नारा लगाउँदै शक्ति प्रदर्शन गरेको छ ।

धनुषाको लक्ष्मीनिया गाउपालिकाबाट हिन्दू सम्राट सेनाका यूवाहरुले प्रदर्शन सुरु गरेका थिए । प्रदर्शनमा भगुवा रंगको लुगामा सजिएका सयौं सहभागी युवाहरुले जय श्रीराम, हिन्दू राष्ट्र कायम गर जस्ता नारा समेत लगाएका थिए । घरेलु हतियार तलवार सहित शक्ति प्रदर्शन गर्दै तिनीहरुले जनकपुरधामको परिक्रमा गरेका थिए । शक्ति प्रदर्शनको क्रममा विवादको अवस्था समेत श्रृजना भएको थियो । जानकी मन्दिर पछाडि रहेको मस्जिद र लादो बेला स्थित मस्जिद भएर शक्ति प्रदर्शन गर्दै जाँदा केही युवाहरुले विरोध जनाएका थिए । विवादकै क्रममा प्रहरी पुगेपछि अवस्था साम्य बनेको थियो ।

यसका साथै संरचना नेपाल समेतको अगुवाईमा भगवा रंगमा सजिएका युवाहरुले जय श्रीरामको नारा लगाउँदै झाँकी सहित जुलुस निकालेका छन् । रामनवमी मनाउन मधेस सरकारले सार्वजनिक विदा समेत दिएको थियो ।

# आठ बालबालिकाको उद्धार



आरके श्रीवास्तव,
गरूडा, १६ चैत । रौतहट प्रहरीले आठ बालबालिकाको उद्धार गरेको छ । सामुदायिक विकास तथा संचेतना नेपाल संस्था हेटौडा, मकवानपुरको सहकार्यमा बाल कल्याण समिति भारतले नेपालबाट विभिन्न प्रलोभनमा परी भारतमा पुगेका ८ बालबालिकालाई उद्धार गरिएको हो ।

प्रहरीले ६ जनालाई अभिभावकलाई बुझाएको छ । २ जनालाई गौरस्थित मानव सेवा आश्रममा राखिएको प्रहरी जनाएको छ । प्रहरी निरीक्षक दिनेशबहादुर कुँवरका अनुसार अभिभावकलाई बुझाइएकामा गुजरा-५ का १६ वर्षीय शेख सफिउल्लाह, १२ वर्षीय शेख अरमान, हरिहरपुरका १७ वर्षीय समसुल मियाँ, ईशनाथ-८, मत्सरीका १३ वर्षीय फैयाज आलम, वृन्दावन-६, चमनपुरका १५ वर्षीय कमरुदिन मन्सुरी, गौर-६ का १३ वर्षीय फियाज आलम छन् ।

मानव सेवा आश्रममा राखिएकामा बाँके नेपालगञ्ज-२३ का ११ वर्षीय शेख मोबारक र सर्लाही, विष्णु गाउँपालिका-२ का १६ वर्षीय दिपु कुमार चौधरी छन् ।

# परीक्षा भयरहित र मर्यादित बनाउन निर्देशन



मधेशदृष्टि
गरुडा, १६ चैत । रौतहटमा एसइइ परीक्षा भयरहित तथा मर्यादित बनाउन प्रमुख जिल्ला अधिकारी (सिडिओ) धर्मेन्द्र कुमार मिश्रले निर्देशन दिएका छन् । सदरमुकाम गौरमा आयोजित केन्द्राध्यक्षहरूसँगको अन्तरक्रियामा उनले यस्तो निर्देशन दिएका हुन् ।

परीक्षा चैत १७ गते देखि ३५ वटा परीक्षा केन्द्रमा सञ्चालन हुँदै छ ।

परीक्षामा ८ हजार ९ सय ५९ परीक्षार्थी सहभागी हुँदैछन् । परीक्षाको सम्पूर्ण तयारी पूरा भएको जिल्ला शिक्षा समन्वय इकाइ रौतहटका प्रमुख रामविनय कुमार सिंहले जानकारी दिए ।

प्राविधिकतर्फ २ सय ३१ र साधारणतर्फ ८ हजार ७ सय २८ परीक्षार्थी छन् । १ सय १२ विद्यालयका परीक्षार्थी सहभागी हुँदैछन् ।

# स्व. उपाध्यायको स्मृतीमा प्रेस युनियन धनुषाद्वारा पत्रकारिता पुरस्कार घोषणा



मधेशदृष्टि
जनकपुरधाम, १६ चैत ।

नेपाल प्रेस युनियन धनुषा शाखाले लोकतान्त्रिक आन्दोलनका योद्वा प्रजातन्त्र सेनानी स्व. मथुरा प्रसाद उपाध्यायको स्मृतीमा पत्रकारिता पुरस्कारको घोषणा गरेको छ ।

जनकपुरधाममा युनियन धनुषाले स्व. उपाध्यायको २६ औं पुण्यतिथीको अवसरमा एक समारोहको आयोजना गरि पाँच लाख राशीको अक्षयकोष स्थापना गरि स्व. मथुरा प्रसाद उपाध्याय पत्रकारिता पुरस्कार घोषणा गरिएको छ ।

समारोहमा स्व. उपाध्यायका सुपुत्र तथा नेपाल प्रेस युनियनका संघिय पार्षद प्रफुल्लराज घिमिरेले स्व. पिताको नाममा पत्रकारिता पुरस्कारको घोषणा गरेका थिए भने पुरस्कार प्रेस युनियनले प्रदान गर्ने जनाएका थिए । उनले लोकतान्त्रिक र प्रजातान्त्रिक आन्दोलनमा योगदान पुरयाएकाको बालबच्चाहरुलाई अहिलेका सत्ताभोगीहरुले बिर्सेको बताए ।

समारोहमा जनकपुरधामका मेयर मनोज कुमार साहले प्रेस युनियनको वृतिविकासका लागि आफु हरसम्भव प्रयास गर्ने भन्दै स्थापित पुरस्कार कोषमा पनि संस्थागत वा व्यक्तिगत सहयोग गर्ने बताए । कार्यक्रममा नेपाल प्रेस युनियनका केन्द्रिय उपाध्यक्ष अनिल कुमार कर्ण र प्रेस स्वतन्त्रता सेनानी राम भरत साहले स्व. उपाध्यायलाई स्मरण गर्दै नेताहरुले योगदान दिएकालाई विर्सिदा कांग्रेस कमजोर भएको र गठबन्धनको साहारा लिन परेको बताए । उपाध्यक्ष कर्णले कोषमा १० हजार सहयोग गर्ने घोषणा गरेका छन् ।

नेपाल पत्रकार महासंघका पुर्व केन्द्रिय सदस्य शैलेन्द्र झा, प्रेस युनियन मधेशका उपाध्यक्ष धिरेन्द्र साह र कांग्रेसका युवा नेता प्रवेश चौधरीले स्व. उपाध्यायलाई स्मरण गर्दै श्रद्धाञ्जली अर्पण गरेका थिए । कार्यक्रममा नेपाल प्रेस युनियनका अध्यक्ष राजन सिंहले गत स्थानिय तहको निर्वाचनमा कांग्रेसले योग्य व्यक्तिलाई पाखा लगाउन खोज्दा प्रेस युनियन धनुषा पार्टीको पनि नसुनेर लोकतन्त्रका लागि बगावत गरेको भन्दै अहिले नेतृत्वमा पुग्नेहरु युनियनलाई विर्सन नहुने बताएका छन् ।

# मधेशको उत्कृष्ट महिला उद्यमीमा क्याप्छाकी सम्मानित



मधेशदृष्टि
जनकपुरधाम, १६ चैत ।

धनुषाको ढल्केवरमा तयारी पोशाक तथा बुटिक व्यवसाय गर्दै आएकी जीवनकुमारी क्याप्छाकी मगरलाई मधेश प्रदेशको उत्कृष्ट महिला उद्यमीको रुपमा सम्मानित भएको छ ।

नेपाल कपडा तथा सिलाई व्यवसायी महासंघले उनलाई मधेश प्रदेशको उत्कृष्ट महिला उद्यमी घोषणा गर्दै सम्मान गरेको हो । काठमाडौंको चावहिलमा महासंघको तेस्रो वार्षिक साधारण सभाको अवसरमा जीवनकुमारीलाई 'मधेश प्रदेश उत्कृष्ट महिला उद्यमी-२०७९' ले सम्मान गरिएको बताइएको छ ।

राष्ट्र समृद्धिको एक आधार उद्यमशिलता क्षेत्रमा क्रियाशील रहँदै सीपमूलक कार्यलाई सवल, सक्षम र प्रभावकारीरुपमा सञ्चालन गरेर आम महिलालाई प्रेरणा प्रदान गरेकाले उहाँलाई सो सम्मान प्रदान गरिएको आयोजकले जानकारी दिएको छ ।

उत्कृष्ट महिला उद्यमीको सम्मान पाउनु भएको जीवनकुमारीले यो सम्मानले उद्योग सञ्चालन गर्न अझै हौसला प्रदान गरेको बताए । धनुषाको मिथिला नगरपालिका-३, हरिहरपुर घर भएकी जीवनकुमारीले विगत आठ वर्षदेखि ढल्केवरस्थित पूर्व चोकमा तयारी पोशाक तथा बुटिकको व्यवसाय गर्दै आउनु भएको छ । त्यसअघि चार वर्ष काठमाडौंमा रहेर सो व्यवसाय गर्दै आएको थियो ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

**निशुल्क सीपमुलक तालीम संचालन सम्बन्धि सूचना**

IFAD Investing in rural people

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, **ग्रामिण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) (SAMRIDDHI)** को सहयोग र हेल्भेटास नेपालको प्राविधिक सहयोगमा यस ट्रेडलिंक टेक्निकल ट्रेनि· इन्स्टिच्यूट प्रा. ली. ले तपसिल बमोजिमका व्यवसायहरुमा छोटो अवधिको नि:शुल्क सीप तथा रोजगार मूलक तालीम (लेभल १) प्रदान गरिने हुँदा इच्छुक नेपाली नागरिकले तालीम लिई स्वदेशी एवं वैदेशिक रोजगार तथा स्वरोजगारको अवसर प्राप्त गर्नु भई मौकाको फाइदा उठाउनुहुन सूचितगरिन्छ ।

**तालिम सञ्चालन हुने विषयहरु तथा स्थान:**

| सि.नं. | तालिम का विषय | तालिम हुने स्थान | संख्या | सि.नं. | तालिम का विषय | तालिम हुने स्थान | संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | ए.सी. फ्रिज मेकानिक | ईटहरी उपमहानगरपालिका | ४० | ११ | विल्डिङ- पेन्टर | धनुषाधाम नगरपालिका, धनुषा | २० |
| २. | ए.सी. फ्रिज मेकानिक | त्रियुगा नगरपालिका, उदयपुर | २० | १२ | विल्डिङ- पेन्टर | हंसपुर नगरपालिका, धनुषा | २० |
| ३. | ए.सी. फ्रिज मेकानिक | बेलका नगरपालिका, उदयपुर | २० | १३ | मोटरसाईकल मेकानिक | धनुषाधाम नगरपालिका, धनुषा | २० |
| ४ | ए.सी. फ्रिज मेकानिक | लाहान नगरपालिका, सिरहा | २० | १४ | मोटरसाईकल मेकानिक | लाहान नगरपालिका, सिरहा | २० |
| ५ | ए.सी. फ्रिज मेकानिक | मिथिलाविहारी नगरपालिका, धनुषा | २० | १५ | मोटरसाईकल मेकानिक | कटारी नगरपालिका, उदयपुर | २० |
| ६ | ए.सी. फ्रिज मेकानिक | क्षिरेश्वर नगरपालिका, धनुषा | २० | १६ | मोटरसाईकल मेकानिक | बेलका नगरपालिका, उदयपुर | २० |
| ७ | आल्मिनियम फ्रेब्रिकेटर | लाहान नगरपालिका, सिरहा | २० | १७ | मोटरसाईकल मेकानिक | हंसपुर नगरपालिका, धनुषा | २० |
| ८ | जुनियर प्लम्बर | भगवानपुर नगरपालिका, सिरहा | २० | १८ | मोटरसाईकल मेकानिक | मिथिलाविहारी नगरपालिका, धनुषा | २० |
| ९ | जुनियर प्लम्बर | लाहान नगरपालिका, सिरहा | २० | १९ | मोटरसाईकल मेकानिक | भगवानपुर नगरपालिका, सिरहा | २० |
| १० | जुनियर प्लम्बर | मिथिलाविहारी नगरपालिका, धनुषा | २० | २० | कम्प्युटर र ईलेक्ट्रोनिक्स | धनुषाधाम नगरपालिका, धनुषा | २० |

**तालिममा सहभागी हुन निम्न बमोजिम आवश्यक योग्यता हुनुपर्ने:**

- सामाजिक तथा आर्थिक रुपले विपन्न (आयोजना कार्यक्षेत्र भित्र पर्ने जिल्ला र पालिका भित्रका) ।
- तालिम पश्चात सोही पेशामा रोजगारी गर्न चाहने ।
- नेपाली नागरिक हुनुपर्ने ।
- उमेर - १८ देखि ४० वर्ष सम्मका महिला तथा पुरुष (२५ प्रतिशत ४० वर्ष भन्दा माथिका हुन सक्नेछन्)
- साधारण लेखपढ गर्न सक्ने (साक्षर) ।
- महिला, वैदेशिक रोजगारबाट फर्किएका वा वैदेशिक रोजगारमा जान चाहेकाहरुलाई विशेष प्राथमिकता ।

**आवश्यक कागजातहरु:**

- नागरिकताको प्रतिलिपी ( नागरिकता नं., नाम, थर, बुवाको नाम, जन्म मिति, नागरिकता जारी मिति, नागरिकता जारी जिल्ला, स्थायी ठेगाना आदि स्पष्ट हुनुपर्ने)
- हालसालै खिचेको फोटो (दुबै कान देखिने) - २ प्रति
- अति सिमान्कृत तथा सीमान्कृत जनजातीको सुचीकृत जाती बाहेक अन्य जनजाती, दलित, अपाङ्गता, एकल महिला जस्ता विशेष अवस्था भएका आवेदकहरुको हकमा सोको प्रमाण खुल्ने कागजातको प्रतिलिपी ।

**अन्य जानकारी:**
फारम भर्ने अन्तिम मिति: २०७९ चैत्र २३ गते
अन्तर्वार्ता मिति: चैत्र २५ गते
तालिम संचालनहुने मिति: २७ गते
सम्पर्क व्यक्ति: माधव पौडेल मो.९८५५०७१६१९
धनुषा सम्पर्क व्यक्ति: संजय यादव मो.९८४५९१००२७
९८०७२१४८८९
सिरहा सम्पर्क व्यक्ति: पुरन महतो मो.९८२५७७११४४

**तालीम सञ्चालन गर्ने संस्था**
ट्रेडलिंक टेक्निकल ट्रेनि· इन्स्टिच्यूट प्रा. ली.
काठमाडौं - ४, महाराजगञ्ज, काठमाडौं
०१ - ४३७०१२१ (कार्यालय समयमा), ९८५५०७१६१९

**प्राविधिक सहयोग:**
HELVETAS NEPAL

# बारा २ उपनिर्वाचनमा गठबन्धनका तीन शीर्षस्थ नेताबीच टक्कर

मधेशदृष्टि
जनकपुरधाम, १६ चैत । बारा क्षेत्र नम्बर २ को उपनिर्वाचनमा गठबन्धन दलबीचमै रोचक प्रतिस्पर्धा हुने भएको छ।

संघीय सरकारका लागि बनेको १० दलीय सत्ता गठबन्धनबाटै मंसिर ४ को निर्वाचनमा पराजित तीन शिर्षस्थ नेताबीच बारा २ को उपनिर्वाचनमा भिडन्त हुन लागेको हो।

अहिलेसम्म बारा २ को उपनिर्वाचनका लागि जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र जनमत पार्टीका उम्मेदवार करिब पक्का भएको छ। जसपाबाट अध्यक्ष उपेन्द्र यादव, लोसपाबाट वरिष्ठ नेता राजेन्द्र महतो र जनमतबाट बुधबार मात्रै माओवादी छाडेका नेता शिवचन्द्र कुशवाहा भिड्ने निश्चित भएको हो।

मंसिर ४ को निर्वाचनमा सप्तरी क्षेत्र नं. २ मा जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउतसँग भिडेका थिए उपेन्द्र यादव। तराई-मधेशको राजनीतिमा आफ्नो बलियो पकड रहेको बताउँदै आएका यादवलाई राउतले दोब्बरभन्दा बढी मतले हराएका थिए। पटक पटक निर्वाचन क्षेत्र परिवर्तन गर्दै आएका राउत दोस्रो चोटी सप्तरी २ मा उठ्दा राउतसँग पराजित हुन गयो।

३५ हजार ४२ मत ल्याएर राउत विजयी हुँदा यादवले सप्तरी २ मा १६ हजार ९७९ मत मात्रै ल्याउन सके। राउतले त्यसबेला यादवभन्दा १८ हजार ६३ मत धेरै ल्याएका थिए। भर्खरै खोलिएको पार्टी अध्यक्षसँग नमिठो हार भोगेदेखि नै यादव संसदमा फर्किने विकल्प खोजिरहेका थिए।

मंसिरको चुनावमा एमालेसँग तालमेल गरेका यादवले त्यही खोजीका क्रममा फागुन २५ मा भएको राष्ट्रपति निर्वाचनमा कांग्रेस र माओवादीसँग सहकार्य गरे। बारा २ बाट निर्वाचित जसपाका सांसद रामसहायप्रसाद यादवलाई उपराष्ट्रपतिमा जिताएर योजनासहित सहित उनी उम्मेदवार बनेका छन्।

यसअघि मोरङ र सुनसरीबाट पनि चुनाव लडिसकेका उनी २०७४ मा कोशी तर्दै सप्तरी आएका थिए। २०७४ मा उनले सुनसरी ४ कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्कीलाई छाडिदिएका थिए। तर सप्तरी २ बाट दोहोरिँदा सीके राउतले नराम्ररी हार चखाए। राउतसँगको हारपछि गठबन्धन दलबाटै प्रतिस्पर्धी पाउने पक्का भएको छ। तर जित्न सजिलो देखिदैन किनकी त्यहाँ गठबन्धन दलबाटै शिवचन्द्र कुशवाहा र राजेन्द्र महतोसँग सामना गर्नुपर्नेछ। लोसपा वरिष्ठ नेता महतोलाई पार्टीको बिहीबार बसेको कार्यकारिणी बैठकले बारा २ मा उठाउने निर्णय गरिसकेको छ। मंसिर ४ को निर्वाचनअघि उपेन्द्र यादव नेतृत्वको जसपा पाँच दलीय गठबन्धन छाड्दै एमालेसँग तालमेलमा गएपछि लोसपा बालुवाटार छिरेको थियो।

अन्तिम समयमा पाँच दलसँग मिलेको लोसपाका अन्य नेतालाई गठबन्धनले सघायो। तर सर्लाही क्षेत्र नम्बर २ मा उक्त गठबन्धनबाटै दुई जना उम्मेदवार भए। एकजना थिए नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्रराय यावद जसले माओवादी केन्द्रको हँसिया हथौडा लिएर चुनाव लडेका थिए। गठबन्धनबाटै दुई नेता उठेपछि पाँच दलले यादवलाई सघाएपछि उनी पराजित हुन पुगेका थिए।

२०७४ मा धनुषा ३ बाट उठेर कांग्रेस नेता विमलेन्द्र निधिलाई हराएका महतो गत मंसिरम सर्लाही फर्किंदा नराम्ररी पराजित भए। त्यसबेला सर्लाही २ महतोलाई नेपाल समाजवादी पार्टीका राय यादवले २ हजार भन्दा धेरै मतले हराए। मधेश आन्दोलनबाट चर्चाको शिखरमा पुगेका उनले २०७४ को निर्वाचनमा चर्को मधेशवादको नारा दिँदै निधिलाई हराएका थिए। अब वैशाख १० उपनिर्वाचनमा उपेन्द्र यादवसँग बारामा भिड्ने पक्का भएको छ।

बारा २ बाट २०७० सालको संविधानसभा निर्वाचनमा माओवादीले टिकट नदिएपछि उनी राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टीमा प्रवेश गरेका थिए। उनलाई त्यसबेला सद्भावनाका केन्द्रीय अध्यक्ष राजेन्द्र महतोले पार्टी प्रवेश गराउँदै बारा जिल्ला अध्यक्ष पनि बनाएका थिए।

तर उनी त्यसपछि फेरि माओवादीमै फर्किएका थिए। उनले गत मंसिर ४ को निर्वाचनमा बारा २ बाट पाँच दलीय गठबन्धनको साथमा माओवादीबाट प्रतिनिधिसभामा प्रतिस्पर्धा गरे। तर पाँच दलको साथ मिल्दा पनि एमालेसँग मिलेर उठेका जसपा नेता रामसहायप्रसाद यादवसँग उनी झिनो मतले पराजित भए।

मंसिरमा माओवादीबाट उठेर हारेपछि पार्टी फेरिरहने पृष्ठभूमिका उनले बुधबारदेखि जनमत पार्टीको यात्रा थालेका छन्। रोचक के भएको छ भने २०७० मा सद्भावना पार्टीमा आफूलाई प्रवेश गराएका राजेन्द्र महतोसँग उनले वैशाख १० को उपनिर्वाचनमा प्रतिस्पर्धा गर्नुपर्ने भएको छ।

मंसिर ४ को निर्वाचनमा बारा क्षेत्र नम्बर २ बाट जसपाका रामसहायप्रसाद यादव १३ हजार आठ सय २२ मतसहित विजयी भएका थिए। उनका निकटतम प्रतिस्पर्धी नेकपा (माओवादी केन्द्र) का शिवचन्द्रप्रसाद कुशवाहाले १३ हजार चार सय ६८ मत ल्याएका थिए। कुशवाहा केवल तीन सय ५४ मतले हारेका थिए।

जसपाका अध्यक्ष यादवलाई नेपाली कांग्रेस र उनको पूर्वपार्टी माओवादीले समेत सघाउने अवस्थामा उनी जनमतबाट एक्लै चुनाव जित्ने चुनौतीसहित नयाँ पार्टीमा लागेका हुन्। यादवहरुको बलियो मत रहेको बारा २ मा उपेन्द्र यादव र राजेन्द्र महतोसमेत मैदानमा उत्रिँदा कुशवाहालाई पनि सहज अवस्था देखिदैन।

# दिनाराम भद्रीको दर्शन गर्न आएका तिर्थयात्रीहरुलाई प्रदीपको सहयोग

विनय कर्ण
सप्तरी, १६ चैत्र। सप्तरीको रुपनी गाउँपालिका वडा नम्बर ३ स्थित कटैयामा लोक नायक दिनाराम भद्रीको दर्शन गर्न भारतबाट आएका मुसहर (सदा) समुदायका तिर्थयात्रीहरुको व्यवस्थापनमा स्थानियले सहयोग गरेका छन्।



भारतको पुर्णिया, अररिया, सहर्षा, सुपौल, मधेपुरा, सिल्लीगुडी र दरभंगा सहितका जिल्लाबाट आएका करिव ६ सय जना तिर्थयात्रीको खाजा र खाना खुवाउन स्थानिय प्रदीप साहले सहयोग गरेका हुन्। यस अघि मंगलबार साँझ तीन दिन बास बस्न आएका तिर्थयात्रीहरु अलपत्र अवस्थामा थिए।

बुधवार विहान देखि उनीहरुका लागि खाजा र खानाका लागि सबै व्यवस्थापन गरिएको स्थानिय प्रदीप साहले बताए।

तिर्थ यात्रीहरुलाई अलपत्र अवस्थामा देखेर उनीहरुका लागि दिनको दुई छाक गरी तीन दिन सम्म आफूले व्यक्तिगत खर्चमा खाजा र खाना खुवाउने प्रवन्ध गरेको उनले जानकारी दिए।

"अहिले सम्म चार छाक खाजा खानाको व्यवस्थापनमा एक लाख ५० हजार खर्च भएको छ, दुई छाक अझै खुवाउनु छ करिव ५० हजार जति खर्च हुन्छ। आर्थिक सहयोग कहिं कत्तैबाट आएको छैन्, मेरो व्यक्तिगत लगानी हो। स्थानियहरुले भौतिक रुपमा सहयोग गरिरहेका छन्" साहले भने। राम नवमीको अवसर पारेर मुसहर (सदा) समुदायका आराध्य देउताको रुपमा पुज्दै आएका लोक नायक दिनाराम भद्रीको जन्म थलो सप्तरीको वोदे बरसाईन नगरपालिका स्थित रहेको जोगिया गाउँ र उनको मृत्यू भएको ठाउँ कटैया पुगेर दशर्न पुजा गरेपछि जन्म सफल हुने विश्वास वोकेर भारतबाट तिर्थयात्रीहरु सप्तरीको रुपनी गाउँपालिका ३ स्थित कटैया आएका हुन्।

बिच्चली अवस्थामा रहेको आफूलाई खाने बस्ने प्रवन्ध मिलाएपछि आफूहरु निकै खुशी भएको मधेपुरा जिल्लाको तिलकपुर बाट आएकी रिता दासिनले बताईन्। "खाजा र खानाको राम्रो प्रबन्ध स्थानियहरुले मिलाएको छ, अव आफूहरु तिर्थयात्रा सकेर शुक्रवार विहान सकुशल घर फर्किने छु" उनले भनिन्।

यस्तै भारतकै मधेपुरा जिल्लाबाट आएका हरी रिषीदेवले ६ सय जना तिर्थयात्रीलाई तीन दिन खाजा र खाना खुवाउन आर्थिक सहयोग गर्ने प्रदीप र स्थानियहरुलाई धन्यवाद दिएका छन्। "यहाँ आएपछि अनेक पीडा थियो, अव सबै समस्या सामाधान भएको छ, यहाँका समाजले गरेको सहयोग प्रति हामी सबै जना खुशी छौं, वहाँहरुलाई धन्यवाद छ" रिषीदेवले भने। बिहीबार राति सम्म तिर्थयात्रीहरुको दिनाराम भद्रीको अनेक लिलामा आधारित गायन प्रसंग सकिएपछि शुक्रवार विहान स-सम्मान उनीहरुलाई विदाई गरिने स्थानिय नेपाली काँग्रेसका नेता ज्ञानेन्द्र ईसरले जानकारी दिए।

# मौलापुरमा पोषण सामग्री वितरण



गरूडा, १६चैत। रौतहटको मौलापुर नगरपालिकाको सुनौलो हजार दिनका आमाहरु र सुत्केरीलाई अभिमुखिकरण तथा पोषणसम्बन्धी सामग्री वितरण गरिएको छ। मौलापुर नगरपालिकाले पोषण सामग्री वितरण गरेको हो।

अभिमुखिकरण तथा पोषण वितरण कार्यक्रममा गाउँघरमा प्रयोगुहुने पोषणयुक्त खानाका अलावा मेडिकेटेड झुल, हर्लिक्सलगायतका सामग्री वितरण गरिएको मौलापुर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले जानकारी दिए। नगर प्रमुख रिनाकुमारी साहको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व प्रदेशसभा सदस्य कुन्दन कुशवाहाले ९ वटै वडाका ७ सय ५० एकजार दिनका आमा र सुत्केरीलाई सामग्री वितरण गरे। कार्यक्रममा मौलापुर नगरपालिकाका उपमेयर नागेन्द्र राय यादव, जिल्ला समन्वय समिति रौतहटका सभापति रामअयोध्या प्रसाद यादव, आजपा नेता ठागा दास, नागेन्द्र साह, आजपा जिल्ला इन्चार्ज त्रिभुवन साह, लखिन्द्र यादव, महिला स्वाथ्य स्यम्सेविका विभिन्न वडाका वडाअध्यक्षलगायतको सहभागिता थियो।

# सार्वजनिक सुनवाइसँगै सामग्री वितरण



गरूडा, १६ चैत। रौतहटको गरुडा-३ मा सार्वजनिक सुनवाइसँगै माछापालक किसानलाई सामग्री वितरण गरिएको छ। मलाही टोलमा मिलनसार कृषि सहकारी संस्थाको आयोजना तथा ग्रामीण उद्यम तथा विप्रेषण (समृद्धि) को सहयोगमा कार्यक्रम भएको हो

संस्थाका अध्यक्ष रामईशवर सहनीको सभाध्यक्षतामा भएको कार्यक्रममा गरूडा नगरपालिकाका नगर प्रमुख कन्थमणि जयसवालले महावीरी र सरस्वती माछा पालन समूहमा आबद्ध किसानलाइ डिजिटल तराजु, मोटर, ठूलो जाल, सानो जाल वितरण गरे। समृद्धि आयोजनाको ३० प्रतिशत र संस्थाको ७० प्रतिशत लगानीमा पहिलो किस्ताको रकम बाट सामाग्री वितरण गरिएको मिलनसार कृषि सहकारी संस्थाका अध्यक्ष रामईश्वर सहनीले जानकारी दिए।

# मेयर यादवद्वारा विद्यालय भवन शिलान्यास



मधेशदृष्टि
गरूडा, १६चैत। रौतहटको माधवनारायण नगरपालिका-६ स्थित श्री माध्यमिक विद्यालय माधोपुरको ४ कोठे विद्यालय भवनको शिलान्यास भएको छ। नगर प्रमुख वैजनाथ प्रसाद यादवले भवन शिलान्यास गरेका हुन्।

नगरस्तरीय योजना अन्तर्गत भवन निर्माण हुन लागेको मेयर यादवले बताए। उनले भवन निर्माणले भौतिक अवस्था सुधार हुने बताए। कार्यक्रममा वडाअध्यक्ष रामनरेश राय यादव, प्रधानाध्यापक रामसिंहासन यादव, वडा सदस्य भुषण ठाकुर, नगरपालिकाका योजना शाखा प्रमुख कृष्णन्दन यादव, प्रशासन शाखा प्रमुख पृथ्वी यादवलगायतको सहभागिता थियो।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

**निशुल्क सीपमुलक तालीम संचालन सम्बन्धि सूचना**

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, **व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान** को आथिएक सहयोगमा यस ट्रेडलिंक टेक्निकल ट्रेनि· इन्स्टिच्यूट प्रा. ली. ले तपशिल बमोजिमका व्यवसायहरुमा छोटो अवधिको निःशुल्क सीप तथा रोजगार मूलक तालीम (लेभल १) प्रदान गरिने हुँदा इच्छुक नेपाली नागरिकले तालीम लिई स्वदेशी एवं वैदेशीक रोजगार तथा स्वरोजगारको अवसर प्राप्त गर्नु भई मौकाको फाइदा उठाउनुहुन सूचितगरिन्छ।

**तालिम सञ्चालन हुने विषयहरु तथा स्थानः**

| सि.नं. | तालिम का विषय | तालिम हुने स्थान | संख्या |
|---|---|---|---|
| १. | मेशन | जनकपुर उ.म.न.पा, धनुषा | ४० |
| २. | मेशन | लक्ष्मीनियाँ नगरपालिका, धनुषा | २० |
| ३. | मेशन | बलवा न.पा., महोत्तरी | ४० |

**तालिममा सहभागी हुन निम्न बमोजिम आवश्यक योग्यता हुनुपर्नेः**

- सामाजिक तथा आर्थिक रुपले विपन्न (आयोजना कार्यक्षेत्र भित्र पर्ने जिल्ला र पालिका भित्रका)।
- तालिम पश्चात सोही पेशामा रोजगारी गर्न चाहने।
- नेपाली नागरिक हुनुपर्ने।
- उमेर - १८ देखि ४० वर्ष सम्मका महिला तथा पुरुष (२५ प्रतिशत ४० वर्ष भन्दा माथिका हुन सक्नेछन्)
- साधारण लेखपढ गर्न सक्ने (साक्षर)।
- महिला, वैदेशिक रोजगारबाट फर्किएका वा वैदेशिक रोजगारमा जान चाहेकाहरुलाई विषेश प्राथमिकता

**अन्य जानकारीः**
फाराम भर्ने अन्तिम मितिः२०७९ चैत्र २३ गते
अन्तर्वार्ता मितिः चैत्र २५ गते
तालिम संचालनहुने मितिः चैत्र २६ गते
सम्पर्क व्यक्तिः संजय यादव
सम्पर्क फोन नं.: ९८४५९१००७७, ९८०७२६४८८५

तालीम सञ्चालन गर्ने संस्था
ट्रेडलिंक टेक्निकल ट्रेनि· इन्स्टिच्यूट प्रा. ली.
काठमाडौं - ४, महाराजगञ्ज, काठमाडौं
०१ - ४३७०१२१ (कार्यालय समयमा), ९८५५०७१६१९

प्राविधिक तथा आर्थिक सहयोगः

सम्पादकीय

# चुरे अभियानीको माग सम्बोधन होस्

चुरे वन जंगल संरक्षण र भूमिहीनलाई बसोबासको व्यवस्था मागसहित अभियानीहरु महिनौँदेखि आन्दोलनमा छन् । उनीहरु गत तीन वर्षदेखि विभिन्न चरणमा आन्दोलनमा छ्न । पछिल्लोपटक फागुन ११ गतेदेखि जनकपुरधामस्थित जनकचोकमा अनशनमा बसेका छन् । वारपारको लडाईं भन्दै चुरे अभियानीले अनशनबाहेक विभिन्न जिल्लामा सुकुम्बासी कार्यालयमा नाराबाजीसहित तालाबन्दीसमेत गर्दै आएका छन् । यतिका चरणबद्धरुपमा आन्दोलन गर्दै आए पनि संघ र प्रदेशमध्ये कुनै पनि सरकारले चुरे अभियानीको मागप्रति चासो नदेखाउनु दुःखद हो ।

पछिल्लोपटक चुरे तथा वनजंगल संरक्षण अभियानसँग मधेश सरकारले गरेको सम्झौता कार्यान्वयन नभएको भन्दै सरकारलाई गम्भीर बनाउन अभियानले उद्योग, पर्यटन तथा वन राज्यमन्त्री रहवर अन्सारीलाई ज्ञापनपत्रसमेत बुझायो । अभियानका राष्ट्रिय संयोजक सुनिलकुमार यादवले राज्यमन्त्री रहवर अन्सारीलाई ज्ञापनपत्र बुझाउदै सम्झौता कार्यान्वयमा गम्भीरताका साथै वनक्षेत्रमा भइरहेको व्यापक अनियमितता छानबिन गरी दोषीमाथि कारवाही गर्न माग गरे । संयोजक यादवले २०७८ भदौ ४ गते अभियानसँग गरेको प्रदेश सरकारले गरेको सम्झौता मधेश प्रदेश वन निर्देशनालय प्रमुख जगरनाथ प्रसाद जयसवालले तयार पारेको प्रतिवेदन विभिन्न दबाब, लोभलालच र प्रलोभनमा भ्रष्टाचार लुकाएर बनाइएकाले त्यसलाई नमान्ने भन्दै पुनः उच्चस्तरीय छानबिनको माग गरे ।

चुरे तथा वनजंगल संरक्षण अभियानका संयोजक यादवको अगुवाईमा प्रदेशका आठवटै जिल्लाका भूमिहीन सुकुम्बासी र चुरे अभियानी विरोध जुलुस, प्रदर्शन र धर्ना कार्यक्रममा सहभागी हुँदै आएका छन् । डिभिजन वन कार्यालय पर्सामा आर्थिक वर्ष २०७७/७८ मा सखुवा पर्सौनी गाउँपालिका वडा नम्बर १ सखुअनिया टोलमा अतिक्रमण हटाई ६० हेक्टरमा तारबारसहित वृक्षारोपण भएको र त्यसपछि गोडमेलको नाउँमा लाखौँ रुपैया निकासी र हेरालु पनि राखिएको तर डिएफओ सुभाष चन्द्र दासको मिलोमतोमा सोही क्षेत्र र वनको अन्य क्षेत्रमा घर निर्माण गरिएकाले दासलाई तत्काल प्रदेशमा झिकाइ छानबिन गर्न ज्ञापनपत्र मार्फत यादवले माग गरेका छन् ।

अभियानी संयोजक यादवले अनियमितता भएका प्रमाण र ठाउँ छानबिन समिति गठन भएपछि छानबिन समितिलाई उपलब्ध गराइने र जानकारी दिन माग गरेको छ । उनको मागबारे राज्यमन्त्री अन्सारीले वन क्षेत्रमा भइरहेको अनियमितताबारे आफू गम्भीर रहेको र छिट्टै यस विषयमा खोजबिन गरी दोषीलाई कारवाहीको दायरामा ल्याइने प्रतिवद्धता जनाए पनि त्यो पूरा हुन्छ भन्ने विश्वास लागेको छैन ।

किनकी यसअघि प्रदेश सरकारका तत्कालीन भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादवले अभियानीसँग ७ बुँदे सम्झौता गरेका थिए, त्यो पूरा भएको छैन । हुन त ती सम्झौता कार्यान्वयनका लागि चुरे वन जंगलको जग्गा मासिएको बारे प्रतिवेदन बनाइयो तर त्यसमा दोषी भनिएकालाई मारुती सिमेन्ट उद्योगलाई कारवाही गर्नुको सट्टा सरकारबाट सम्मान गरियो । यसर्थ पछिल्लोपटक संयोजक यादवले माग गरेको कुरा पूरा हुन्छ भन्नेमा शंकै छ ।

अभियानीले चुरे वनजंगल अतिक्रमणमुक्त र भूमिहीन सुकुम्बासीको समस्या समाधान गर्ने माग प्रदेश सरकार अधिकार क्षेत्र बाहिरको कुरा रहेकाले पनि माग सम्बोधन हुने अवस्था देखिँदैन ।

चुरे वन जंगल प्रदेश मातहतमा भए पनि त्यसको जग्गा संघीय सरकारकै मातहतमा छ भने भूमिहीन सुकुम्बासीलाई बसोबासका लागि जग्गा उपलब्ध गराउने अधिकार पनि संघीय सरकारमै निहित भएकाले प्रदेश सरकारबाट समस्या समाधान हुने अवस्था देखिँदैन । प्रदेश सरकारलाई दबाब दिनु राम्रै हो तर चुरे अभियानीलाई आफ्ना माग सम्बोधन गराउन संघीय सरकारमाथि नै प्रभावमा पार्न आवश्यक देखिन्छ । चुरे अभियानीको जायज माग जुन तहका सरकारबाट पूरा होस्, गर्न जरुरी देखिन्छ । अन्यथा चुरे वन जंगल अनिष्टले भावी दिनमा थप संकट उत्पन्न हुनेछ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# यसरी सुरु भयो जनकपुरधाममा रङ्गशाला निर्माणको पहल



– टीकाराम सुनार

जनविद्रोहको यात्रा पार गर्दै मधेश तत्कालीन संविधानसभाको चुनावमा समाहित हुँदै थियो । यहाँका माग र मुद्दालाई स्थापित गर्न नागरिकलाई आन्दोलनमा सङ्गठित गर्दै अझ बढी 'मधेश मोह' जगाउँदै थियो, तत्कालीन मधेशी जनअधिकार फोरम नेपालले । त्यही फोरममा सङ्गठित हुनुहुन्थ्यो मिथिलाबिहारी-१०, ठेरा धनुषाका दिनेश पूर्वे ।

जिल्लामा 'कमाण्ड' सम्हाल्नेमध्येका एक हुनुहुन्थ्यो पूर्वे । उहाँले नागरिकका निराशालाई आशामा बदल्ने सपना देखाउँदै थिए । तर उहाँको आफ्नै राजनीतिक सपना भने विसं २०६४ को संविधानसभा निर्वाचनभन्दा पर पुगेन् । जब फोरम राजनीतिक पार्टीका रूपमा स्थापित भइ चुनावमा होमियो । जिल्लामा संविधानसभा सदस्यका लागि पार्टीले दिएको टिकटबाट असन्तुष्ट भएका पूर्वेको राजनीतिक सपना करिब टुङ्गियो ।

त्यही विन्दुबाट अर्को सपनाको जन्म भयो । त्यो सपना थियो, माता सीता र भगवान रामको वैवाहिक सांस्कृतिक सम्बन्धलाई खेल पर्यटनको माध्यमबाट विश्वस्तरमा 'ब्राण्डिङ' गर्ने जनकपुरधाममा बहुउद्देश्यीय रङ्गशाला निर्माण गर्ने । "विसं २०६४ को संविधानसभा निर्वाचनपछि राजनीतिका लागि म होइन भन्ने अनुभूति भयो तर चुप लागेर बस्न त भएन । राजनीतिको सपना देख्न छोडे पनि माता जानकीको पवित्र भूमिलाई विश्व खेल पर्यटनको 'हब' बनाउन सकिन्छ भन्ने लाग्यो । माता सीता र भगवान रामको सम्बन्ध नै अन्तर र्िष्ट्रिय खेलबाटै स्थापित भएकाले जनकपुरलाई विश्व वैवाहिक सांस्कृतिक सङ्ग्रहालयका रूपमा चिनाउछु भनेर मैले सपना देख्न थालेको हुँ", पूर्वेले भन्नुभयो ।

उहाँले देखेका सपना जनस्तरका साथै सरकारकामन्त्री एवं सरोकारवालासँग पनि बाँड्न थाल्नुभयो ।

यही क्रममा विसं २०६६ असार ३ गते उहाँले तत्कालीन सरकारका युवा तथा खेलकुद मन्त्रीलाई रङ्गशाला निर्माणका लागि बजेट छुट्याउन औपचारिक निवेदन दिनुभयो । "सरकारले नयाँ बजेट तथा कार्यक्रम बनाउँदै थियो, त्यही मौका पारेर प्राचीन ऐतिहासिक जनकपुर क्षेत्रमा खेलकुद विकासका लागि रङ्गशाला निर्माण गर्न बजेट विनियोजन गरिदिन आग्रह गरेँ", उहाँले स्मरण गर्नुभयो, "मन्त्रिस्तरीय निर्णयबाट अर्थ मन्त्रालयलाई असार २४ गते आर्थिक वर्षको बजेटमा रकम विनियोजनका लागि पत्र लेखेको बोधार्थ पाएँ । त्यसपछि त मेरो खुसीको सीमा रहेन । थप हिम्मत बढ्यो ।"

### सपनाको उडान

सुरुमा एक्लै देख्न थालेको सपनाको सारथी थपिँदै गए । विसं २०७० सम्म सहानुभूति र समर्थन बटुल्न करिब एक्लैजस्तै हुनुभएका पूर्वेले विसं २०७१ वैशाखमा रङ्गशालाका लागि आवश्यक जग्गा जुटाउन स्थानीय राजनीतिककर्मीको समर्थन पाउनुभयो । त्यही अभियानअन्तर्गत विसं २०७२ वैशाख १२ मा सर्वपक्षीय सर्वदलीय बैठक बस्यो र रङ्गशाला निर्माणका लागि गुठी संस्थानको जग्गा भाडामा लिन अनुरोध गऱ्यो । वैशाख १२ को भूकम्पले देश लडखडायो तर पूर्वेको सपनाले भने त्यही विन्दुबाट नयाँ उडान भऱ्यो । यसको परिणाम विसं २०७४ मङ्सिर ३ गते जनकपुरधाम-१४ स्थित गुठी संस्थानको जग्गा ३० वर्षका लागि वार्षिक रू नौ लाखमा भाडा तिर्ने गरी सम्झौता भयो ।

गुठी संस्थान र राष्ट्रिय खेलकुद परिषद्बीच भएको सम्झौताको दोस्रो पक्ष अर्थात भाडामा लिने पक्षको साक्षीश्रीराम जानकी खेलकूद विकास संस्थाको अध्यक्षका रूपमा पूर्वेले हस्ताक्षर गर्नुभयो ।

विसं २०७० सम्म पुग्दा उहाँले सरकार, राजनीतिक दल, सामाजिक अगुवा, खेलप्रेमी र आम सरोकारवालालाई सपनाको सहयात्री बनाउँदै जानुभयो । सर्वदलीय सहमतिपछि विसं २०७४ को शुभारम्भमा श्रीराम जानकी खेलकुद विकास संस्थाको स्थापना भयो । विसं २०७४ जेठ २ गते तत्कालीन युवा तथा खेलकुदमन्त्री दलजित श्रीपालीको मन्त्रिस्तरीय निर्णयबाट रङ्गशालाको नाम, सोही वर्षको मङ्सिर ३ मा जग्गा प्राप्तिका लागि गुठी संस्थानसँग सम्झौतालगायत सफलता थपिँदै गए । "विसं २०६६ सालमा औपचारिक रूपमा बजेट छुट्याउने प्रक्रिया सुरु भयो तर रङ्गशालाले नाम र ठाउँ निश्चित नहुँदासम्म वार्षिक बजेट विनियोजन हुने र फ्रिज हुने क्रम जारी रह्यो । "त्यस अविधिमा रू दुई करोड बजेट छुट्याइयो तर कार्यान्वयन भएन", उहाँले भन्नुभयो,"विसं २०७४ मङ्सिर ३ मा वार्षिक रू नौ लाख भाडा तिर्ने गरी जग्गा लिएपछि बजेट थपिँदै गएपनि काम हुनसकेन । तर मेरो सपनाले आकार ग्रहण गरिसकेकाले म खुसी थिए र सक्रिय हुँदै गए ।"



उहाँका अनुसार रङ्गशाला निर्माणका लागि सङ्घ र प्रदेश सरकारबाट पटक-पटक गरी रू दश करोडभन्दा बढी बजेट विनियोजन गरिएको छ । सङ्घअन्तर्गत आर्थिक वर्ष २०७५/७६ मा रू दुई करोड ५० लाख, २०७६/७७ मा रू पाँच करोड, २०७७/७८ मा रू एक करोड, २०७८/७९ मा रू एक करोड र २०७९/८० मा रू १० लाख विनियोजन गरिएको छ । सो रकममध्ये आव २०७५/७६ मा रङ्गशालाको तीन सय मिटर घेरा पर्खाल, कार्यालय तथा सुरक्षाकर्मी बस्ने घर, प्रवेशद्वार निर्माण र जग्गा भाडावापत गुठी संस्थानलाई तिर्ने रकमसहित रू एक करोड मात्रै खर्च गरिएको थियो ।

आर्थिक वर्षको बजेट भाडा तिर्नेबाहेक विनियोजित रकम पूर्वाधार निर्माणमा खर्चै नगरी फ्रिज जाने गरेको पूर्वेले बताउनुभयो । त्यसैगरी प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ मा रू २० लाख, २०७६/७७ मा रू २० लाख, २०७७/७८ मा रू २० लाख छुट्याएको थियो भने र चालु आर्थिक वर्ष २०७९/७० मा रू ५० लाख विनियोजन गरिएको छ ।

### महत्वकांक्षी योजनाः छ अर्ब बढी लागत

सरकारले आव २०७५/७६ को बजेट तथा कार्यक्रममार्फत सात वटै प्रदेशमा एक-एक बहुउद्देश्यीय रङ्गशाला बनाउने नीति लियो । श्रीराम जानकी प्रादेशिक रङ्गशाला बनाउने भनेर बजेट विनियोजन हुन पनि प्रादेशिक रङ्गशाला वीरगञ्जमा कि जनकपुरमा भन्ने विवाद सुरु भयो । "जनकपुरमा रङ्गशाला बनाउने भनेर काम सुरु भइसकेको थियो । संरचना निर्माणका लागि बोलपत्र आह्वान भएको बेला तत्कालीन मध्यमाञ्चल क्षेत्रीय खेलकूद विकास समिति, वीरगञ्जको नाममा विसं २०७५ पुस ६ मा राष्ट्रिय खेलकुद परिषद्लाई सो कार्य रोक्नका लागि निवेदन दिइयो", पूर्वेले सुनाउनुभयो,"जबकी प्रादेशिक रङ्गशाला जनकपुरमै बन्ने भनेर सरकारको बजेटमा नामसहित आइसकेको थियो ।"

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको विसं २०७५ वैशाख २८ मा भएको भ्रमणका बेला पनि रङ्गशाला निर्माणका सन्दर्भमा कुरा उठाउन युवा तथा खेलकुद मन्त्रालयले पत्राचार गरिएको थियो । "रङ्गशाला निर्माण रोक्ने प्रयास भयो ।भाडामा लिएको जग्गामा रङ्गशाला बनाउन मिल्दैन भनेर विवाद भयो । रङ्गशाला बनाउने नाममा निकै सस्तोमा जग्गा दिएको भन्दै गुठीका कर्मचारीमाथि नै अख्तियारमा मुद्दा हालियो तर अन्तिममा आफूहरुकै जित भयो", पूर्वेले भन्नुभयो ।




अहिले कुनै विवाद छैन । रङ्गशाला निर्माण हुनुपर्छ भन्नेमा सबैको एकमत भए पनि सरकारले ठूलो धनरासी खर्च गरेर रङ्गशालाबनाउने अवस्था नभएको उहाँको भनाइ छ । रङ्गशाला बनाउने सपना पूरा गर्नयुवा तथा खेलकूद मन्त्रालयले विसं २०६६ सालमा रू छ अर्ब १९ करोड १८ लाख छ हजार पाँच सय १२ लाग्ने अनुमान गरेको थियो । उक्त रकम नेपाल एक्लैले लगानी गर्न नसकिने स्पष्ट गरिसकेको पूर्वेको भनाइ छ । "जसरी प्रेमको प्रतिक ताज महल भएजस्तै विवाह र सामाजिक सांस्कृतिक सम्बन्धको प्रतिकका रूपमा जनकपुरलाई विकास गर्न सकिन्छ । बहुउद्देश्यीय रङ्गशालामा अन्तर्राष्ट्रिय खेल प्रतियोगिता हुन्छन् ।

यहाँ वैवाहिक सांस्कृतिक सम्बन्धलाई झल्काउने गरी सांस्कृतिक सङ्ग्रहालय निर्माण गरी विश्वसमुदायलाई लोभ्याउन सकिन्छ । सार्वजनिक साझेदारीअन्तर्गत कम्तीमा नेपालसँग कूटनीतिकसम्बन्ध स्थापित भएका देश र सहमत हुने बाँकी देशहरुको अनुदान रकम लगानी हुने वातावरण बनाउन सकिन्छ । यस कार्यमा प्रदेश र सङ्घीय सरकारको पहलकदमी जरुरी छ", पूर्वेले योजना सुनाउनुभयो ।

यसैका लागि अहिले पूर्वेले विस्तृत योजना, डिजायन र प्रस्ताव लेखन गरी छिमेकी देश भारतसँग सहयोग जुटाउन प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्री कहाँ धाइरहनुभएको छ । अब 'श्री सीताराम विवाहभूमि जनकपुरधाम ट्रृष्ट' बनाएर अगाडि बढे रङ्गशाला निर्माण अभियानले थप गति पाउने उहाँको विश्वास छ ।

# रोकिएन डढेलो र लाथ्रा काटिने क्रम



महोत्तरी, १६ चैत
फागुन मध्यदेखि नै महोत्तरीका वनक्षेत्रमा सुरु भएको डढेलो रोकिएको छैन । वनक्षेत्र पसेपछि जतातत‍ै डढेलोको खरानी र डढेका बुटाका ठुटा देखिन्छन् । लगातारको डढेलो र भर्खरका लाथ्रा (कलिला रुख) काटिने क्रम नरोकिँदा वनमा नयाँ बिरुवा देखिन छाडेका छन् ।

“डढेलोको पहिलो चपेटामा पर्ने नयाँ बुट्यान (भर्खरका बोट, लाथ्रा) हुन्, अनि रुख काट्न वन पस्नेको निशानामा पनि यिनै लाथ्रा पर्छन” वनक्षेत्र नजिकको गौशाला-८ बेलगाछीका सामाजिक कार्यकर्ता मीन रहपालले भने, “वनमा नयाँ र भर्खरका लाथ्रा देखिन छाडेका छन् ।”

वनक्षेत्रमा धेरैजसो नयाँ बिरुवा साल (साखु) का रुख हुने भएकाले यिनै रुख तथा बिरुवा विनाश हुने गरेका छन् । यहाँका माटो र हावापानी सालका लागि उपयुक्त हुने भएकाले नयाँ उम्रने बिरुवामध्ये अधिकांश सालका हुन्छन् । डढेलो र लाथ्रा काटिने क्रम नियन्त्रण हुन नसक्दा विनाशको चपेटामा यिनै रुख तथा बिरुवा पर्ने गरेका गौशाला-१० बटौवाका लक्ष्मी महतोले बताए । बर्सेनि डढेलोले वन सखाप पार्दै आए पनि यसको रोकथाम र नियन्त्रणका लागि उपयुक्त पहलकदमी नभएका कारण यो क्रम नरोकिएको स्थानीयको भनाइ छ ।“लाथ्रा काटिने यदाकदा समातिए पनि डढेलो लगाउने कहिल्यै फेला परेका सुनिदैन । डढेलो नियन्त्रणका लागि के कानुनको अभाव छ ?”, बर्दिबास-३ गौरीडाँडाकी सामाजिक कार्यकर्ता डोमा शाही विष्टले भने । वन क्षेत्रमा डढेलोको जोखिम बढेसँगै वनक्षेत्र नजिकैका बासिन्दा डढेलाबाट असुरक्षित हुँदै गएका छन् ।

बर्दिबास-३ गौरीडाँडाका पुनिता शर्माले वनमा लागेको डढेलोले घरै भेट्ने हो कि भन्ने त्रास भइरहने बताए । “दुई साताअघि नेवारडाँडा कामीडाँडा सामुदायिक वनमा लागेको डढेलोले छिमेकी सुरेश बस्नेतको घर जलेर खरानी भयो, डढेलो सम्झ्यो कि राति सुत्नै सकिदैन”, उनले भने ।वनमा डढेलोले भएका रुख जल्ने र काँचा लाथ्रा काटिने क्रम नरोएिकाले महोत्तरीको वन क्षेत्र उजाड बन्दै गएको छ । पूर्व-पश्चिम राजमार्ग वारिपारी पर्ने वन क्षेत्रमा डढेलो लगाउने र भएका लाथ्रा काट्ने क्रम रोकिएको छैन ।

बर्दिबास र गौशाला नगरपालिकामा पर्ने राष्ट्रिय वन (सामुदायिक वन), साझेदारी वन, धार्मिक वन र सागरनाथ वन विकास परियोजनाका प्लटमा डढेलोका कारण रुख, बुटा खरानीमा परिणत भएका वन क्षेत्र नजिकका बासिन्दाको भनाइ छ । डढेलो लाउने र लाथ्रा काट्ने वनक्षेत्र नजिककै बासिन्दा हुने गरेका गौशाला-८ बेलगाछीका मञ्जु विश्वकर्माको भनाइ छ ।

“डढेलो लगाएपछि वनमा नयाँ घाँस पलाउने भएकाले वनक्षेत्र वरपरका पशुपालक किसानका गोठालाले डढेलो लाउँछन् भन्ने सुनिन्छ” विश्वकर्माले भने, “यो जघन्य अपराध भएकाले जसले यस्तो गरे पनि कडा कारबाही गरिनुपर्छ ।” अहिलेसम्म डढेलो लाउने नसमातिएकाले कुनै कारबाही हुन नसक्दा डढेलो लाउने हौसिएका हुनसक्ने उनको अड्कल छ ।

मध्य फागुनदेखि नै वन क्षेत्रमा डढेलो लाग्ने गरेको छ । उक्त डढेलो नियन्त्रण हुन नसक्दा र वन क्षेत्रमा सुरक्षा गस्ती हिँड्न छाडेपछि लाथ्रा काटिने क्रम पनि बढेको स्थानीयको भनाइ छ । वन कार्यालयको उदासिनताले वन उजाड हुँदै गएको उनीहरु बताउँछन् । बर्सेनि फागुन लागेपछि डढेलो लगाउने क्रम बढ्ने गरेको थाहा भएर पनि वन कार्यालयले यसको नियन्त्रणमा सजगता नअपनाएको स्थानीयको गुनासो छ । ठूला रुख तस्करले काट्ने र स-साना बुट्यान वन क्षेत्र वरिपरिका बासिन्दाले बाट्ने गरेका स्थानीय प्रेमध्वज लामाले बताए । उनले रुख कटान तथा डढेलो नियन्त्रण नहुने हो भने जिल्लाको वन क्षेत्र मासिने खतरा बढेको भन्दै चिन्ता व्यक्त गरे ।

जिल्लामा सामुदायिक (राष्ट्रिय वन), साझेदारी, धार्मिक र सागरनाथ वन विकास परियोजनाको गरी २४ हजार चार सय ६५ हेक्टर क्षेत्रफलमा वन रहेको जिल्ला वन कार्यालय महोत्तरीले जनाएको छ । पछिल्ला केही वर्षयता वन क्षेत्रको सुरक्षामा कमी हुँदा वन क्षेत्र रुखविहीन बन्दै गएका वन तथा वातावरण क्षेत्रमा कार्यरत सामाजिक संस्था सामुदायिक विकास तथा पैरवी मञ्चका अध्यक्ष नागदेव यादवले बताए । डिभिजन वन कार्यालय महोत्तरीले पर्याप्त सुरक्षाकर्मी नहुँदा सबैक्षेत्रमा सघन गस्ती गराउन नसकिएको स्वीकार गरेको छ । वन क्षेत्रको सुरक्षा र व्यवस्थापनका साथै वन क्षेत्रको प्रवर्द्धनमा स्थानीय बासिन्दाको सहयोग भए सम्भव हुने वनसम्बद्ध कर्मचारी बताउँछन् । “हामीसँग भएको जनशक्ति सुरक्षाका लागि परिचालित गरेका छौं, जुन पर्याप्त छैन ।

“डढेलो नियन्त्रणमा समुदायको प्रत्यक्ष पहलकदमी चाहिन्छ”, डिभिजन वन कार्यालयका प्रमुख सन्तोसकुमार झाले भने । डढेलो नियन्त्रणका लागि वनसम्बद्ध कार्यालयसँगै वनक्षेत्र वरपर रहेका स्थानीयतह, सामाजिक सङ्घ संस्था, किसान समूह र आम नागरिक समाजको चासो र पहलकदमी आवश्यक हुने उनको भनाइ छ ।रासस

# बादी समुदाय भन्दछन् : व्यवस्था बदलियो, अवस्था बदलिएन

कञ्चनपुर, १६ चैत
कृष्णपुर नगरपालिका-२ गुन्यालफाँटाका कित्थे बादी पहिला विवाहमा नाचेर पाएको बक्सीसबाट घरधन्दा चलाउनुहुन्थ्यो । हाल उहाँको दिनचर्या फेरिएको छ । पहिला जस्तो उहाँले नाचगान गर्नुहुन्न । परिवारको खर्च धान्न उहाँले कृषि मजदुरी गर्नु हुन्छ ।

“विवाह, ब्रतबन्ध, न्वारनलगायतमा बादी समुदायका नृत्यकलाई बोलाइने गरिन्थ्यो उनले भने, “खुबै नाच्थ्यौं, मादलको तालमा नाच्ने बादी नृत्यक मात्रै हुन्थे, हाल समय फेरियो, विवाहमा बेहुलासँगै उनका आमाबुवासम्म बैण्डबाजाको तालमा नाच्छन् ।” भन्नुभयो, “बाजा बजाउने सीपलाई आधुनिक बनाई व्यावसायिक बनाइनुपर्छ ।”

बादी समुदायका युवा परम्परागत पेसाबाट जीविका नचलेपछि घरमै ताल लगाएर परिवारसहित भारतमा मजदुरी गर्न जाने गरेका छन् । बादी समुदायको पुख्यौंली पेसाका रुपमा नाचगान गर्ने, माछा मार्ने, माटोका घैंटा, सुल्पा, चिलिम बनाएर गाउँगाउँमा अन्नसँग साटेर जीविका चलाउने गरेका थिए ।

हाल माटोबाट बनेका सामानको विकल्पका रुपमा अरु सामान सहजरुपमा पाउन थालिएपछि बादी समुदायले बनाउने समानको महत्व घट्दै गएको छ ।“बादी समुदायले आफैं गीतको रचना सञ्चालन गर्नुपर्दथ्यो, त्यो पनि हुन सकेको छैन”, उनल भने ।पुस्तौंदेखि गर्दै आएको कार्य भने गीत सङ्गीतको हो, त्यसलाई जीवन्त राखिनुपर्ने उनको भनाइ छ । बस्तीकै मना बादी पाठेघरको समस्याले दुई महिनादेखि थला पर्नुभएको छ । उपचार गर्ने पैसा नहुँदा पीडा सहेर बस्नुपरेको उनले सुनाए ।

“हकअधिकारका लागि काठमाडौंसम्म आन्दोलन गर्‍यौं, बादी समुदायको समस्या समाधानका लागि पटकपटक आयोग गठन हुँदै आए पनि हामीले अहिलेसम्म केही पाएनौं”, दुराले भने, “बस्दै आएको फाँटामा पहिला बादी परिवार मात्रै बसेका थियौं, जग्गाकै लागि बस्तीका कार्यक्रम अन्तर्गत बादी बस्तीमा २२ घर बनेका छन । निर्माण गरिएका घरको छानामा राखिएका जस्तापाता हावाहुरीले पटकपटक उडाउँदा बादी समुदायले हैरानी खेप्दै आएका छन ।

“हावाहुरीले जस्तापाता उडाउँदा खुला आकास बस्नुपर्ने अवस्था छ”, विमल बादीले भने, “गर्मीका बेला जस्तापाता तातेर बस्नै सकिँदैन, पटकपटक हावाहुरीले जस्तापाता उडाउने पुनःछानामा राख्ने कार्य गरिँदै आएपछि जस्तापातामा प्वालैप्वाल पर्दा वर्षात्का बेला चुहिने गरेका छन् ।” निर्माण गरिएका घरको छानामा राखिएका जस्तापाता हटाएर पक्की ढलान गरि नुपर्ने उनको माग रहेको छ। अझै



बादी समुदायलाई बोलाउनै छाडिएपछि परम्परात पेसा ओझेलमा परेको उहाँले बताउनुभयो । बादी समुदायले मादल, सारङ्गी, तबला, हारमोनियम बजाउने काम पुर्खौदेखि गर्दै आएका हुन् । हाल परम्परागत बाजा बनाउने काम युवापुस्ताले विर्षदै गएका छन् । परम्परागत बाजा बनाउने सीपलाई आधुनिक बनाइनुपर्ने काले बादी बताउछन् ।

“हाल पेसा व्यवसायसँगै जग्गा जमिन नहुँदा दुई छाक खाना जुटाउनै मुश्किल छ”, उहाँले गरी मादलसँगै सारङ्गी रेटेर गीत गाउने चलन पुरानै हो”, दुरा कुमालले भने, “यस पेसालाई व्यावसायिक बनाउनुपर्दथ्यो, बादी समुदायलाई प्रोत्साहित गरि नुपर्दथ्यो, व्यवस्था बदलिए पनि हाम्रो अवस्था बदलिएको छैन ।”

“ चुनावका बेलामात्रै राजनीतिक दलका नेताहरुले बस्तीमा पुगेर सबै थोक पूरा गर्ने वचनबद्धता गर्दछन्, चुनाव जितेपछि कोही पनि बस्तीमा फर्कदैनन् युवालाई भारततर्फ पलायन हुनबाट रोक्नका लागि स्थानीय तहले आत्मनिर्भर बनाउने कार्यक्रम १२ जना जेल बस्यौं, अरुले जग्गा कब्जा गरेपछि नौधुर जग्गामा सीमित भएर बस्नुपरेको छ ।” बालबालिकालाई विद्यालय पढाउन सकिने अवस्था नरहेको उहाँ बताउछन् । “सामुदायिक विद्यालयमै बादी समुदायका बालबालिकाबाट शुल्क लिइने गरिएको छ”, उनले भने, “परीक्षा शुल्क, भर्ना शुल्क, सरस्वती पूजा भनेर पैसा लिइने गरिएको छ, ऋणदान गरेर बालबालिकालाई विद्यालय पठाउँछौं, शुल्क असुल्न थालेपछि खर्च धान्नै गाह्रो भएको छ ।” जनता आवास बस्तीका ५० परिवार झुपडीमै बस्दै आएका छन ।

बादी परिवार कमाई खाने जग्गा, पुख्यौंली गीत सङ्गीतको पेसा जगेर्ना र युवालाई सीपमूलक रोजगारीमा संलग्न गराउन माग गर्नुहुन्छ ।नगर प्रमुख हेमराज ओझाले बादी समुदायका युवालाई व्यावसायिक सीप सिकाएर स्वरोजगार बनाउन प्रतिबद्ध भएको बताउछन् ।

“बादी समुदायले प्रस्ताव लिएर आए सोहीअनुसारको सीप सिकाएर व्यावसायिक बनाउँछौं”, उनले भने ।रासस

# वैदेशिक श्रमिकको दुःखपूर्ण यात्रा ‘श्रमाटन’ अङग्रेजीमा

काठमाडौं, १६ चैत
निराला पब्लिकेसन्सले नेपाली लेखक बीएन जोशीको ‘श्रमाटनः नेपाली आप्रवासी कामदारको सम्झना’ कृति अङ्ग्रेजी भाषामा बजारमा ल्याएको छ । यसमा नेपालीले गर्ने वैदेशिक श्रमको कष्टकर र दुःखपूर्ण संसारको यात्राबारे विवरण प्रस्तुत गरिएको छ । साहित्यकार अरुण बुढाथोकीद्वारा अनूदित कृति मूल लेखक जोशीको स्मरण पनि हो । त्रिभुवन विश्वविद्यालयमा अध्ययन गर्नुभएका लेखकले नियमितरूपमा युवा र श्रम आप्रवासनका विषय उठाइरहनुभएको छ र उनका नेपालका राष्ट्रिय पत्रपत्रिकामा लेखरचना प्रकाशन भइरहेका छन् । जोशी विभिन्न देशमा वैदेशिक रोजगारीको कठोर यथार्थ अनुभव गरेपछि पुस्तक लेख्न प्रेरित भएको हो । निजी व्यापार कम्पनी तमसका कार्यकारी निर्देशक जोशीको यसअघि ‘ मोडर्न बेली’ (आधुनिक बेली) शीर्षक उपन्यास प्रकाशन भइसकेको छ ।

पब्लिकेसन्सका नेपाल प्रतिनिधि युयुत्सु आर डी शर्माले कृति लेखकको उत्तेजनापूर्ण जीवित अनुभव रहेको र यसलाई पढेपछि पाठक पनि राम्रोसँग निदाउन नसक्ने विचार व्यक्त गर्नुभयो । उहाँका अनुसार प्रस्तुत अनूदित कृतिमा मूल कृतिको मौलिकता, जीवन्तता र शक्ति कायमै छ । क्यानडामा बसोबास गर्दै आउनुभएका पत्रकार एवं अनुवादक बुढाथोकीका यसअघि ‘एज’(किनारा) र प्रिजनर अफ एन आइप्याड(आइप्याडको बन्दी) शीर्षक कविता सङ्ग्रह र ‘सेकेन्ड इन लभः शर्ट स्टोरिज’ (प्रेममा दोस्रोः कथाहरू’ र ‘गोइङ होम’(घर जाँदै) शीर्षक दुई कथा सङ्ग्रह प्रकाशन भइसकेका छन् । विशेषगरी अन्तरराष्ट्रिय पत्रपत्रिकामा लेखरचना प्रकाशन गर्दै आउनुभएका बुढाथोकी अनूदित कृति नेपाली आप्रवासी कामदारहरूको प्रायःउपेक्षित अनुभवहरूलाई प्रकाश पार्ने काम भएको जानकारी दिए । “मैले यो शक्तिशाली पुस्तक महामारीको प्रारम्भिक दिनमा अनुवाद गरेको हुँ, यसमा नेपाली आप्रवासी कामदारहरूले संसारभरि सामना गर्ने अन्याय र चुनौतीका बारेमा विश्वलाई बताउन पाउँदा म खुसी छु ।” पुस्तक अब अमेजन र निराला पब्लिकेसन्समा पेपरब्याक ढाँचामा उपलब्ध रहेको बताइएको छ ।रासस

# त्रिवेणी समूहबाट २२ वर्षदेखिको कर असुल्ने छ पालिकाको निर्णय

झापा, १६ चैत
नेपाल चिया विकास निगमको सात वटा चिया बगान र कारखाना सम्झौता गरी ५० वर्षका लागि भाडामा लिएको त्रिवेणी समूहले २२ वर्षदेखि राज्यलाई सम्पत्ति, मालपोत र व्यवसाय कर तिरेको छैन ।

विसं २०५७ असार १४ गते नेपाल सरकार र उक्त समूहका अध्यक्ष पुरुषोत्तमलाल साङ्घाइबीच निगम भाडामा लिनेदिनेसम्बन्धी सम्झौता भएको थियो । नेपाल सरकारले मातहतका उद्योग निजीकरणमा दिने नीतिअन्तर्गत झापा र इलाममा रहेको निगमका चिया बगान त्रिवेणी समूहले भाडामा लिएको थियो ।

जग्गा र कारखाना प्रयोगका साथै व्यवसाय सञ्चालन गरेबापत निगमले करोडौं रुपैयाँ कर नतिरेपछि निगमको चिया बगान रहेका झापा र इलामका छ वटा स्थानीय तह (पालिका)ले सङ्गठितरुपमा कर तिराउन दबाब सिर्जना गर्ने र अटेर गर्नथाले कानुनी कारबाहीका लागि पहल गर्ने निर्णय गरेका छन् ।झापामा मेचीनगर नगरपालिका, बुद्धशान्ति गाउँपालिका र बाह्रदशी गाउँपालिकामा निगमको चिया बगान छ भने इलाम जिल्लाको सूर्योदय, इलाम र माई गरी तीन वटा नगरपालिकामा निगमको चिया बगान छ ।

नेपाल सरकारले भाडामा व्यवसाय गर्न दिएको जग्गाको सम्पत्ति कर, मालपोत र व्यवसाय कर तिर्न पटकपटक पत्राचारका साथै ताकेता गर्दा पनि नटेरेपछि निगमको चिया बगान क्षेत्राधिकारभित्र रहेका छ वटा पालिकाले सामूहिकरुपमा असुलीको उपाय खोज्न बाध्य हुनुपरेको मेचीनगर नगरपालिकाका प्रमुख गोपाल बुढाथोकीले बताए ।

“सर्वसाधारणले एकमुठो साग बेच्दा राज्यलाई कर तिर्नुपर्ने तर निगमको सरकारी जग्गा लिजमा लिएर बर्सेनि करोडौं मुनाफा कमाइरहेको त्रिवेणी समूहले चाहिँ सम्पत्ति कर, मालपोत र व्यवसाय कर तिर्नु नपर्ने हुनै सक्दैन”, उनले भने, “कानुनी राज्यमा सबै नागरिक समान छन् । कुनै बहाना नगरी त्रिवेणी समूहले स्थानीय सरकारलाई कर बुझाउनुपर्छ ।”निगमको झापामा टोकला, बर्ने र बाह्रदशी चिया बगान छ । इलामा कन्याम, शोक्तिम, चिलिमकोट र इलाम चिया बगान छ । बगानको आम्दानी लिइरहेको त्रिवेणी समूहले छवटै पालिकालाई हालसम्म कुनै कर बुझाएको छैन ।

बगान रहेका पालिकाको संयुक्त बैठक
मेचीनगर नगरपालिकाको पहलमा बुधबार मेचीनगरको सभाहलमा छ वटै पालिकाका प्रमुखको संयुक्त बैठक बस्यो । बैठकले कानुनी कदम चालेर भए पनि उक्त समूहसँग कर असुली गरी छाड्ने निर्णय गर्‍यो।बैठकले पहिलो चरणमा छ वटै पालिकामा रहेका निगमका चिया बगानले ओगटेको जग्गा, अहिलेसम्म नतिरेको कर रकम र असुलीका लागि त्रिवेणीलाई गरिएका पत्राचारका कागजातको विवरण सङ्कलन गर्ने निर्णय गरेको इलाम नगरपालिकाका नगरप्रमुख केदार थापाले बताए ।

उनका अनुसार नेपाल सरकारले निगम भाडामा लगाउँदा गरेको सम्झौता र भाडामा लिने पक्षले सरकारलाई अहिलेसम्म के कति रकम बुझाएको छ भन्ने विषयमा अर्थ मन्त्रालयबाट औपचारिक जानकारी लिनेसमेत बैठकले निर्णय गर्‍यो।छ वटै पालिकाले आफ्नो क्षेत्राधिकारभित्र निगमले ओगटेको जग्गाको धनीपुर्जा, सम्पत्ति कर भरेको फारामको प्रतिलिपि, निगमसँग भएका पत्राचार, अर्थ तथा अन्य मन्त्रालयमा यस सम्बन्धमा भएका पत्राचार र पालिकाले यस विषयमा अहिलेसम्म चालेका कारबाहीको विवरण सङ्कलन गर्ने निर्णय भएको नगरप्रमुख थापाले जानकारी दिए ।

मेचीनगरलाई ४९ करोड तिर्नुपर्ने
निगमको टोकला चिया बगान रहेको मेचीनगर नगरपालिकालाई त्रिवेणी समूहले सम्पत्ति कर, मालपोत र व्यवसाय करबापत रु ४९ करोड तिर्न बाँकी छ । नगरपालिकाले जनाएअनुसार उक्त समूहले आव २०५७/५८ देखि नै नगरपालिकालाई कुनै कर बुझाएको छैन । नगरले कर असुलीका लागि बर्षेनि ताकेता गर्दै आइएको छ ।

त्रिवेणी समूहले आर्थिक वर्ष २०६२/६३ देखि २०७८/७९ सम्मको सम्पत्ति करअन्तर्गत रु २५ करोड ५९ लाख सात हजार छ सय ४४ बुझाउन बाँकी छ । आव २०६२/६३ देखि २०७८/७९ सम्मको कर जरिवाना रु २१ करोड पुगिसकेको उक्त नगरपालिकाले जनाएको छ ।

सोही अवधिको अन्य सेवा शुल्क रु डेढ करोड र सुरुदेखिकै बक्यौता घरजग्गा कर रु ५५ लाख नाघिसकेको छ । सरकारको जग्गा भाडामा लिएर कुनै पनि कर नतिरेको त्रिवेणी समूहले राज्यको कानुन र नियमलाई धज्जी उडाइरहेको हुँदा स्थानीय पालिका अब एकीकृत भएर कडा कदम चाल्न बाध्य हुनुपरेको बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष मनोज प्रसाईंले बताए ।

पालिकाको संयुक्त बैठकले कर असुली गर्न जुनसुकै प्रक्रिया पनि अवलम्बन गर्ने र आवश्यक परे स्थानीय पालिकाले नै उक्त चिया बगान सञ्चालन गर्ने सामूहिक प्रतिबद्धता जनाएका छन् ।

पालिकाको संयुक्त बैठकमा मेचीनगरका प्रमुख बुढाथोकी, बुद्धशान्ति गाउँपालिका अध्यक्ष प्रसाईं, इलाम नगरपालिकाका प्रमुख थापा, सूर्योदय नगरपालिकाका प्रमुख रणबहादुर राई, बाह्रदशी गाउँपालिकाका अध्यक्ष देवेन्द्र चम्लागाईं र माई नगरपालिकाका प्रतिनिधि हिमाल मिश्रको उपस्थिति थियो ।

त्रिवेणी समूहका चिया बगान हेर्ने प्रशासन प्रमुख लोकनाथ दङ्गालले नेपाल सरकारले जग्गा भाडामा दिएको हुँदा जग्गाधनी सरकार नै भएको उल्लेख गर्दै सम्पत्ति कर पनि सरकारलाई तिर्नु नपर्ने जिकिर गरे ।रासस

# अमेरिकी राजदूतसँग प्रदेश सांसदहरुको भेटघाट

मधेशदृष्टि
जनकपुरधाम, १६ चैत । मधेश प्रदेशको विकासका बारेमा नेपालका लागि अमेरिकी राजदूत डिन थम्पसनले प्रदेश सभा सदस्यहरुसँग भेटघाट गरी छलफल गरेका छन् ।



बिहीवार जनकपुरधाममा नेपाली कांग्रेसका प्रदेश सभा सदस्य शेषनारायण यादव, जनमत पार्टीका चन्दन सिंह र एमालेका शारदा पहाडीसँग राजदूत थम्पसनले प्रदेशको समस्या र विकासमा अमेरिकाबाट गर्न सकिने सहयोग बारे छलफल गरेको बुझिएको छ ।

भेटघाटको क्रममा प्रदेश सभा सदस्य शेषनाराय यादवले मधेश प्रदेश हमेशा विकासमा पछाडि रहेको छ, यहाँ मुख्यतः शिक्षा, स्वास्थ्य र कृषिमा समस्या रहेको बताएका छन् ।

उनले मधेश प्रदेशमा विकासका लागि सहयोग गर्न आग्रह समेत गरेका थिए ।

प्रदेश सभा सदस्यसँगको छलफल पश्चात राजदूत थम्पसनले मधेश प्रदेशको विकासका लागि अमेरिकी सरकार तत्पर रहेकाले हुन सक्ने सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

# ‘लोकतन्त्र बलियो बनाउन स्थानीय तहको भूमिका महत्वपूर्ण’

मधेशदृष्टि
जनकपुरधाम,१६ चैत । नेपालका लागि अमेरिकी राजदूत डिन थोम्सनले लोकतन्त्रलाई बलियो बनाउन तथा जनतालाई नजिकबाट सेवा गर्नमा नेपालको स्थानीय निकाय सफल भएकोमा खुशी व्यक्त गरेका छन् ।



अमेरिकी राजदूत थोम्सनले जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साह, वडाध्यक्षहरुसंग विहिवार जनकपुरधाम उपमहानगरपालिकाको कार्यालयमा भेटघाट गर्दै लोकतन्त्रको हरेक गतिविधिमा अमेरिकाको साथ र सहयोग रहने बताए ।

राजदूत थोम्सनले अमेरिकी राष्ट्रपतिले नेपालको लोकतन्त्रको सुदृढीकरण र विकासमा साथ दिने प्रतिबद्धता पटक पटक गर्दै आएको बताउँदै स्थानीय तहले जनताको सेवा प्रदान गर्ने सबैभन्दा नजिकको सरकार भएको र यसले लोकतन्त्र बलियो बन्ने बताए । कार्यक्रममा जनकपुरधामका उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले जनकपुरधाम उपमहानगरपालिकाले गरेको कामकाज तथा जनकपुरधामको ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्व, चाडपर्व र उत्सवको बारेमा जानकारी दिएका थिए । कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रत्न कुमार शशीले जनकपुरधाम उपमहानगरपालिकाको भौगोलिक अवस्था, जनस८्या, सेवाको अवस्था तथा ऐतिहासिक पृष्ठभूमिका विषयमा जानकारी दिएका थिए । भेटघाटमा जनकपुरधाम उपमहानगरपालिकाको २५ वडामध्ये अधिकांश वडाका अध्यक्षहरू सहभागी रहेका थिए । त्यस अवसरमा अमेरिकी विकास नियोगका नेपालस्थित प्रमुख सेफिडिला क्यान्साद पनि उपस्थित थिए ।

# समस्या समाधानका विषयमा मिटरब्याज पीडितसँग छलफल

काठमाडौँ, १६ चैत
सरकारी वार्ता टोली र मिटरब्याज पीडितबीचको वार्ता आजदेखि सुरु भएको छ । सिंहदरबारमा विहिवार भएको वार्ता सकारात्मक रहेको गृह मन्त्रालयले जनाएको छ ।



मन्त्रालयका उपसचिव तथा सरकारका तर्फबाट वार्ता टोलीका सदस्य दिलकुमार तामाङले वार्तामा पीडितका वार्ता टोलीले नौ बुँदे लिखित माग प्रस्तुत गरेको ती मागका विषयमा दफावार छलफल भएको जानकारी दिए । “वार्तामा सरकारले हालसम्म गरेको प्रयासका बारेमा जानकारी गराइयो, उनीहरूका मागबारे पनि दफावार छलफल भयो, कानून संशोधनको प्रक्रिया अघि बढेको कुरा पनि हामीले बताएका छौँ”, तामाङले भने, “उनीहरूले आफ्ना अन्य आन्दोलनरत साथीहरूसँग यो विषयमा छलफल गर्छौं भनेका छन् ।”सरकारी वार्ता टोलीसँगको छलफलमा मिटरब्याज पीडितहरूले अधिकारसम्पन्न आयोग गठन गर्नुपर्नेदेखि अदालतमा परेको मुद्दाका विषयलाई समाधान गर्नुपर्ने तथा मिटरब्याजीहरूले बनाएको तमसुक खारेज गर्नुपर्नेलगायतका माग राखेका छन् ।

समस्या समाधानका लागि सरकारले गृह मन्त्रालयका सहसचिव रुद्रादेवी शर्माको संयोजकत्वमा वार्ता टोली गठन गरेको थियो भने मिटरब्याज पीडितले सङ्घर्ष समितिका संयोजक मनोज पासवानको नेतृत्वमा वार्ता टोली बनाएको थियो ।यसअघि सरकारले मिटरब्याजमा लगाउने कार्यलाई अपराध घोषणा हुने गरी मुलुकी अपराधसंहितालाई संशोधन गर्ने निर्णय गरिसकेको छ । पीडितहरू न्यायको माग गर्दै ११ दिन हिँडेर तराईबाट काठमाडौँ आएका थिए ।रासस

# गठबन्धन दलबीच मन्त्रालयको टुँगो लाग्यो

मधेशदृष्टि
जनकपुरधाम, १६ चैत ।
सरकार विस्तारमा सत्ता गठबन्धनका दलबीचको भागबन्डामा टुंगो लागेको छ । गठबन्धनको सौद्धान्तिक सहमति अनुसार कांग्रेसले सबैभन्दा बढी ८ वटा मन्त्रालय पाउने भएको छ । यस अधि एमालेले लिएका मन्त्रालय नै कांग्रेसको भागबण्डामा परेका हुन् । कांग्रेसले अर्थ, परराष्ट्र, रक्षा कानुन, शहरी विकास भूमि व्यवस्था सामान्य प्रशासन र र स्वास्थ्य मन्त्रालय पाएका छन् । भौतिकको सट्टामा माओवादीले गृह मन्त्रालय पाएको छ । माओवादीका भागमा सञ्चार, ऊर्जा पर्यटन र महिला तथा बालबालिका मन्त्रालय परेका छन् । माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी (नेकपा एस) ले भौतिक पूर्वाधार र वन मन्त्रालय पाएको छ । नेकपा एसले यी मन्त्रालयमा वेदुराम भुसाल र प्रकाश ज्वालालाई पठाउने निर्णय गरेको छ । जसपाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र कृषि तथा पशुपन्छी मन्त्रालय पाएको छ । डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीले खानेपानी तथा सरसफाइ मन्त्रालय पाएको छ । यो मन्त्रालयमा यसअघि जनमतका अब्दुल खान मन्त्री थिए । जनमतले एक राज्य मन्त्री सहित उद्योग मन्त्रालय पाएको छ । नागरिक उन्मुक्ति पार्टी युवा तथा खेलकुद र लोसपालाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय परेको छ ।लोसपाले श्रममा शरतसिंह भण्डारीलाई मन्त्री बनाएर पठाउने निर्णय गरिसकेको छ । ‘मन्त्रालयको भागबन्डाको अहिलेसम्मको सहमति यही हो । अन्तिमसम्म भए पनि कुनै दलको एक वा दुई मन्त्रालय मात्रै हेरफेर हुन सक्छन्’, कांग्रेस निकट स्रोतले बताएका छन् ।

‘यसअघि अनुभव भएकै मन्त्रालय लिएर जाने कुराकानी अनुसार मन्त्रालय बाँडफाँट भएको छ । अब दलले नाम बुझाएपछि मन्त्रिपरिषद् विस्तार गर्ने तयारी प्रधानमन्त्री छ ।’ अब यी मन्त्रालयमा दलले नाम पठाएपछि प्रधानमन्त्रीले सरकार विस्तार गर्नेछन् ।

राष्ट्रपतिमा माओवादीले कांग्रेस उम्मेदवारलाई समर्थन गरेपछि १५ फागुनमा एमाले सरकारबाट फिर्ता लिएको थियो । त्यसयताको एक महिनामा १६ वटा मन्त्रालयको जिम्मा प्रधानमन्त्री प्रचण्ड एक्लैको काँधमा छ । यसैले उनी छिटो सरकार विस्तार गर्नुपर्ने दबाब छन् ।

## मधेशमा रासायनिक ...............

गर्नुहोस्,’ ढकालले भने, ‘निजी क्षेत्र र प्रदेश सरकार दुवै यस्ता विषयमा सहकार्यका लागि तयार हुनुपर्छ ।’

कार्यक्रममा नवनिर्वाचित मधेश प्रदेश अध्यक्ष अशोक टेमानीले निजीक्षेत्र प्रदेश सरकारसँग समन्वय गर्न तयार रहेको बताए । उनले भने, ‘प्रदेशभित्र रहेका उद्योग व्यवसायलगायत पर्यटन, कृषि, शिक्षा क्षेत्रमा समस्याहरु नभएका होइनन्, तर ती सबै समस्याको पहिचान गरी प्रदेश सरकारसँग महासंघ मधेश प्रदेश सहकार्य गर्न तयार छ ।’

‘हामीसँग के कस्ता पूर्वाधार छन्, ती सबैको मूल्यांकन गर्दै आगामी एक वर्षभित्र विशेष प्रकारका योजना ल्याउने प्रतिबद्धता उनले गरे । मधेश सरकारसँग सहकार्य रहने जानकारी पनि दिए । उनका अनुसार सरकारको खर्च वास्तविक ठाउँमा लगानी हुन नसकेको कारण पनि सरकारको धेरै लगानी खेर गइरहेको छ । ‘सरकारले सिमरामा निर्माण गरेको विशेष आर्थिक क्षेत्र ‘सेज’ प्रयोगमा नआएकाले औद्योगिक क्षेत्र बन्नुपर्ने हो,’ उनले भने, ‘यसमा सरकार कहाँ चुकिरहेको छ, समन्वय अभावले सरकारको लगानी अनावश्यक खेर गइरहेको छ ।’

टेमानीले भने, ‘मुलुकका लागि निजगढ विमानस्थल अन्यन्तै आवश्यक हो, त्यो निर्माणमा ढिलाइ भइरहेको छ, चोभारमा ७ सय करोड रुपैयाँ खर्च गरेर सुक्खा बन्दरगाह निर्माण गरियो, तर एउटा पनि ट्रक पास भएन, यो सरकारको लगानी समन्वय अभावकै कारण खेर गइरहेको छ ।’ ५० करोड रुपैयाँ लागतमा वीरगंजस्थित निर्माण गरिएको सुक्खा बन्दरगाहको बर्षेनी भाडा मात्रै ७० करोड प्राप्त भइरहेको बताउँदै यस्ता स्थानमा सरकारले लगानी गर्नुपर्ने सुझाव टेमानीले दिए ।

कार्यक्रममा सहभागी उद्योगी व्यापारीले नेपाल सरकारबाट पीडा थपिएको गुनासो पोखेका थिए । उनीहरुले कोरोना महामारीदेखि थलिएको व्यापार व्यवसाय फस्टाउन नपाउँदै बैंकले दिने गरेको अनावश्यक तनाव एवम् नेपाल सरकारले ल्याएको नीतिका कारण निजीक्षेत्र थप पीडामा परेको बताए । ‘हामी उद्योगी, व्यापारी बैंकको सावाँब्याज सबैं तिर्न तयार छौं, तर सरकारले केही सुविधा दिनुपर्यो’ कार्यक्रमका वक्ताहरुको अपिल थियो, ‘राष्ट्रको मेरुदण्डका रुपमा रहेको निजीक्षेत्र धरायसमा परे आर्थिक संकट उत्पन्न हुन सक्छ, सरकारको यसतर्फ ध्यान पुग्न आवश्यक छ ।’

सहभागी उद्योगी, व्यापारीले सरकार र निजी क्षेत्रसँग समन्वय अभावका कारण पनि उद्योगी व्यापारीले अनावश्यक दुःख खेप्नु परेको बताए । उनीहरुले नेतृत्वमा रहेकाले देशभरकै उद्योगी, व्यापारीको समस्यालाई सरकारसम्म पुऱ्याउने काम नगरेको बताए । समस्या समाधान गर्नुपर्नेमा कहिँ कतै निजी क्षेत्र र सरकारबीच समन्वय अभाव रहेको कारण उद्योगी, व्यापारीको समस्या समाधान हुन नसकेको उल्लेख गरे ।

‘राज्यले निजी लगानीलाई प्रोत्साहन गर्न नसकेको भएको लगानी सुरक्षित गर्न नसकेको अवस्था छ, कसरी उद्योगी व्यापारी पलायन गर्न सकिन्छ’ उद्योगी, व्यवसायीले प्रश्न गरे, ‘राज्यले निजी क्षेत्रलाई खुशी गरेर राख्नसके निजी लगानीमा वृद्धि हुन्छ, तर राज्य पनि यसमा चुकेको छ ।’ राज्यबाटै बेलाबखत उद्योगी, व्यापारीलाई अनावश्यक दुःख दिने काम हुँदै आएको उनीहरुको भनाइ छ ।

फागुन २५ गते जनकपुरमा नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशको चौथो वार्षिक साधारणसभा भएको थियो भने सभाबाट निर्वाचित पदाधिकारीलाई पद हस्तान्तरण भएको हो । साधारणसभाबाट अध्यक्षमा अशोक टेमानी, उपाध्यक्षमा राजेश अग्रवाल, जितेन्द्र महासेठ र कोषाध्यक्षमा पण्डित प्रसाद जयसवाल एवम् सदस्यहरुमा राजकुमार साह, वीरेन्द्र साह, श्रवणकुमार यादव, भरत अग्रवाल निर्वाचित भएका थिए ।

पद हस्तान्तरण कार्यक्रममा मधेश प्रदेशका कृषि राज्यमन्त्री संजय कुमार यादव, नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका पदाधिकारीको उपस्थिति थियो ।

# पटेर्वा सुगौलीस्थित दुर्गा मन्दिर शिलान्यास

मधेशदृष्टि
वीरगंज, १६ चैत ।
मधेश प्रदेश उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको आर्थिक सहयोगमा पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर ४ भतौरा टोलमा दुर्गा मंन्दिर निमार्णको शिलान्यास गरिएको छ । जनता समाजवादी पार्टी (जसपा) नेपालका मधेश प्रदेश समिती सदस्य दीपक यादवले मन्दिर शिलान्यास गरेका हुन् । मन्दिर निर्माणका लागि मधेश प्रदेश उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले १० लाख रुपैयान बजेट बिनियोजन गरेको छ । कार्यक्रममा जसपा क्षेत्र नम्बर ३ का क्षेत्रीय अध्यक्ष नागेन्द्र यादव, गाउँपालिका कार्यसमिति अध्यक्ष प्रमोद उपाध्याय, शिवशंकर यादव, अम्बिका साह, सत्यदेव शर्मा, सुरुज महतो, नन्दु पञ्जियार, गोपाल दहित, हातिम मियाँ, धिरेन्द्र गिरी लगायत सहभागी थिए ।

## जनता प्राविमा भ्रष्टाचार..............................

नगरी प्रथम, दोस्रो र तेस्रो किस्ता वापत १ करोड १९ लाख रुपैयाँ परियोजनाबाट निकासा लिइएको पाइएको छ । काम सम्पन्न नगरी किस्ताबापतको रकम निकासाका लागि विद्यालयले विभागका कर्मचारीलाई राम्रो कमिसनसमेत दिएको रहस्य खुलेको छ । विद्यालयका लेखापाल सोनम चौधरीमार्फत क्युआइजीमा जाँदा विभागका कर्मचारीलाई चेक नम्बर ००७५७२३९६९ बाट ३ लाख ७० हजार रुपैयाँ कमिसन दिने भनेर हिसाब मिलान गरिएको प्रमाण भेटिएको छ । त्यसैगरी, विभिन्न मितिमा खाजा नास्ता, शैक्षिक भ्रमण तथा विविध खर्च गरी ३ लाख रुपैयाँ बराबरको रकम अनियमितता गरिएको छ । सार्वजनिक सुनवाइपछि बसेको विद्यालय व्यवस्थापन समितिको बैठकमा हिसाब किताब मिलानलाई लिएर पदाधिकारीबीच विवाद भएको थियो ।

जनता माध्यमिक विद्यालयका प्रअ मोहन चौधरी, प्राविधिक विद्यालयका संयोजक तपेश्वर यादव र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामायण चौधरीको मिलोमतोमा प्राविधिक विद्यालयमा परियोजनाअन्तर्गत आएको रकममा अनियमतिता भएको विद्यालय व्यवस्थापन समितिकै एक सदस्यले बताए । यता विद्यालयको गुणस्तर सुधार तथा भौतिक पूर्वधार विकासमा पर्सागढी नगरपालिका लागि परेको दाबी गर्दै पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले कसैले नियम मिचेर काम गरेको प्रमाणित भए कारवाही गरिने बताए ।

## वीरगंजमा श्रीरामको ..............................

विभिन्न धार्मिक संघसंगठनले नगरका विभिन्न स्थानमा पानी तथा प्रसाद वितरण गरेका थिए ।

यता, बाराको जितपुरसिमरा उपमहानगरपालिकामा श्रीराम जन्मोत्सवको उपलक्ष्यमा बाजागाजासहितको भव्य ऱ्याली निकालिएको छ । बाराको जितपुर वडा नम्बर ७ को शान्ति टोल खेलमैदानबाट निकालिएको ऱ्याली गढीमाइ छातापिपरा हुँदै पथलैया पुगी पुनः शान्तिटोल खेलमैदानमै फर्किएको थियो । बाजागाजासहित निकालिएको ऱ्यालीमा सयौँको संख्यामा मोटरसाइकाल, कार, जिपलगायत हजारौँ श्रद्धालुको सहभागिता थियो ।

यस्तै, जनकपुरधाममा समेत भगवान श्रीरामको जन्मोत्सवको अवसरमा रामनवमी पर्वको उपलक्ष्यमा रामको पूजा आराधना गरिएको छ । हरेक वर्ष चैत्र शुक्ल नवमीका दिन देशभर श्रद्धा र भक्तिपूर्वक ‘रामनवमी’ पर्व मनाउने गरिएको छ । हिन्दू धर्मग्रन्थ रामायणअनुसार चैत्र शुक्ल नवमी तिथिमा पर्ने यस दिनलाई भगवान श्रीरामको जन्मदिनका रूपमा लिइन्छ । यो पर्व चैत्र नवरात्रको बीचमा आउने भएकाले यो दिन भगवान श्रीरामका साथै नवदुर्गा देवीको पनि पूजा हुन्छ ।

त्रेता युगमा चैत्र शुक्ल नवमीका दिन अयोध्यामा जन्मिएका रामले दानवीय प्रवृत्तिका रावणको अन्त्य गरी जनकल्याण गरेको सम्झनामा यो पर्व मनाइने गरिएको हो । यस दिन व्रत बसी रामको पूजापाठ र जप ध्यान गर्नाले चिताएको कार्य पूरा हुने जनविश्वास छ । यस्तै, विहीबार जनकपुरधामको रामजानकी मन्दिरमा भव्य पूजाआजा गरिएको थियो । रामनवमीका अवसरमा मधेश प्रदेश सरकारले विहीबार सार्वजनिक बिदा दिएको थियो ।

# ‘नागरिकता विधेयक ल्याएर नागरिकताको समस्या समाधान गर्नुपर्ने’

काठमाडौँ, १६ चैत
राजनीतिक दलका नेताहरूले नागरिकता विधेयक जतिसक्दो छिटो ल्याएर पास गरी नागरिकताको समस्या समाधान गर्नुपर्ने प्रतिबद्धता जनाएका छन् ।



मिडिया एड्भोकेसी ग्रुप (म्याग)ले विहिवार आयोजना गरेको ‘नागरिकता विधेयकमा राजनीतिक दलको दृष्टिकोण’ विषयक कार्यक्रममा नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले चाँडोभन्दा चाँडो नागरिकतासम्बन्धी विधेयक ल्याएर पास गर्नुपर्ने बताए ।

नागरिकता संवेदनशील र महत्वपूर्ण विषय भएको हुनाले कुनै पनि नागरिक नागकिताविहीन हुनुपर्ने अवस्था राज्यले बनाउन नहुनेमा जोड दिँदै पार्टी यसप्रति प्रतिबद्ध भएको उनको भनाइ थियो । नेकपा (एमाले)का नेता ऋषिकेशपोखरेललेनागरिकताको विषयलाई राजनीतिक विषय नबनाइकन राष्ट्रिय मुद्दा बनाएर नागरिकताको समस्या समाधान गर्नुपर्ने बताए ।एमाले कुनै पनि नागरिकलाई अनागरिक बनाउन हुँदैन भन्ने विषयमा गम्भीर भएको र सबै दलहरू मिलेर राष्ट्रिय सहमतिबाटै नागरिकताको विषयलाई निष्कर्षमा पुऱ्याउनुपर्नेमा जोड दिए ।नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेले नेपालका नागरिक यो वा त्यो कुनै पनि कारणले नागरिकताविहीन हुन नुहने विषयमा पार्टी प्रतिबद्ध भएको र छिटो विधेयक ल्याएर पास गर्नुपर्ने बताए ।

राष्ट्रिय जनता पार्टीका नेता रञ्जु ठाकुर, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियार र जनमत पार्टीका प्रमुख सचेतक अनिता शाहले पनि नागरिकता नेपालीको मौलिक अधिकार भएको हुनाले नागरिकलाई नागरिकताविहीन बनाउन नहुने धारणा राखेका थिए ।म्यागका अध्यक्ष अनिता विन्दुले दलहरू मिलेर राष्ट्रिय सहमतिबाटै विधेयक ल्याएर नागरिकतासम्बन्धी विधेयक छिटो ल्याएर उक्त समस्या समाधान गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरेको जानकारी दिए ।



# भारतमा मन्दिर भत्किँदा आठ जनाको मृत्यु

नयाँ दिल्ली, १६ चैत ।
भारतमा रामनवमी पर्व मनाउन भेला भएका भक्तजन मन्दिरको इनारमा खस्दा कम्तीमा आठ जनाको मृत्यु भएको भारतीय प्रहरीले बताएको छ । घटनास्थलबाट एक दर्जनभन्दा बढी व्यक्तिको उद्धार गरिएको पनि प्रहरीले जनाएको छ ।मध्य शहर इन्दोरमा सिँढीबाट पानीको स्रोतसम्म पुग्ने गरी खनिएको इनारमा उनीहरू फसेका थिए ।



घटनाको पुष्टि गर्दै प्रहरी अधिकारी मनिष कपुरियाले एएफपीसँग भने, "हामीले आठ जनाको मृत शरिर फेला पारेका छौं र करिब एक दर्जनको उद्धार गरेका छौं ।"टेलिभिजन फुटेजमा आपतकालिन कामदारले डोरी र भऱ्याङको प्रयोग गरेर मध्य प्रदेश राज्यमा इनारमा फसेकाहरूलाई पुऱ्याएको देखिएको छ । अन्य भिडिओमा भत्किएको भुइँ र भाँचिएको फलामको बार प्रहरीले डोरीको सहायताले सिल गरेको देखिएको छ । हिन्दू धर्मावलम्बी भगवान् रामको जन्मोत्सव रामनवमीका अवसरमा विहिवार देशभरका मन्दिरमा भक्तजनको भीड लागेको समय उक्त मन्दिरमा पनि भक्तजनहरूको पूजाका लागि घुइँचो लागेको थियो ।

रामनवमी मनाउन मन्दिर गएका पच्चीस भक्त इनारमा खसे

रामनवमी पर्व मनाउन पटेलनगर स्थित शिव मन्दिरमा भेला भएका भक्तजनमध्ये २५ जना मन्दिरको आगँनमा रहेको पुरानो इनारमा खसेका छन् ।
यो समाचार तयार पार्दासम्म पाँच जनालाई उद्धार गरिएको छ भने हालसम्म हताहतीको खबर आएको छैन । सिमेन्टको स्ल्याबले ढाकिएको इनारमाथि पूजाअर्चनाका निम्ति भक्तजन भेला भएका थिए । भीडको भार थाम्न नसक्दा स्ल्याब भत्कँदा उनीहरू इनारमा खसेका प्रहरीले जनाएको छ ।
इनारमा खसेकामध्ये केही त्यहाँ रहेको फलामको डण्डीमा भ्रुन्डिएका तथा उनीहरूको उद्धार भइरहेको इन्दोरका सुरक्षा प्रमुख इलयाराजा टीले बताएका छन् । मन्दिर क्षेत्रको वातावरण बिग्रन नदिन तथा दुर्घटना हुन नदिन व्यापक मात्रामा सुरक्षाकर्मी परिचालन गरिएको छ । सम्भावित घाइतेहरूलाई शीघ्र अस्पताल पुऱ्याउन मन्दिर परिसरमा एम्बुलेन्सहरू तयारी हालतमा राखिएका छन् ।(रासस/एएफपी)

# राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि एपिएफलाई


काठमाडौँ, १६ चैत ।
ललितपुर मेयर्स कप महिला ट्वान्टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिता उपाधि सशत्र प्रहरी बलको एपिएफ क्लबले जितेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा विहिवार भएको फाइनलमा एपिएफले कोशी प्रदेशलाई ५४ रनले पराजित गर्दै उपाधि जितेको हो ।एपिएफ लगातार तेस्रो पटक उपाधि जितेको हो । एपिएफले यसअघिका दुई संस्करणमा सुदूरपश्चिम प्रदेशलाई पराजित गर्दै उपाधि जितेको थियो ।
विहिवारको खेलमा एपिएफले जितका लागि दिएको एक सय ५५ रनको विजयी लक्ष्य पछ्याएको कोशीले २० ओभर ६ विकेट क्षतिमा एक सय रन मात्रै बनाउन सक्यो ।



कोशीका लागि कप्तान रुविना क्षेत्रीले सर्वाधिक ३५ रन बनाइन भने लकिता राजजंशीले अविजित २१ रन बनाइन् । त्यस्तै अप्सरी बेगमले १० रन बनाउदा अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।एपिएफका लागि विनु बुढा मगरले दुई विकेट लिइन भने सोनु खड्का, नेरी थापा र रेखा रावलले समान एक एक विकेट लिए ।
टस हारेर पहिले ब्याटिङ गरेको एपिएफले निर्धारित २० ओभरमा एक विकेट गुमाउँदै एक सय ५४ रन बनाएको थियो । एपिएफका लागि कप्तान सीता राना मगरले अविजित ७९ रन बनाइन भने इन्दु बर्मा ५१ रनमा अविजित रहिन् । कोशीका लागि एक मात्र विकेट अलिशा खडियाले लिइन् । प्रतियोगिता यही चैत ९ गतेबाट सुरु भएको थियो ।रासस

# केटाहरूसँग कुरा गर्न नपाएको झोकमा बाआमाको वीभत्स हत्या

उत्तर प्रदेश, १६ चैत ।
उत्तर प्रदेशको बुलन्दशहर क्षेत्रमा आफ्नै १५ वर्षीया छोरीले आमाबाबुको हत्या गरेकी छन् । हत्या भएको १५ दिनपछि उनी पक्राउ परेकी हुन् ।
हत्या आरोपी कक्षा आठमा पढ्ने उनले केटाहरूको सङ्गत गर्न आमाबाबुले नदिएको झोकमा उनीहरूलाई मारेको प्रहरीसमक्ष स्वीकार गरेकी छन् । मृतक दम्पतिकी चार छोरीमध्ये जेठी उनले १५ दिन अघि आमाबाबुलाई मारेको स्वीकार गरेकी शिकारपुर प्रहरी कार्यालयले जनाएको छ ।
केटाहरूसँग कुराकानी गरेकामा आमाबाबुले गाली गर्दा रिसाएकी उनले दैनिक काम सकेर घर आएका आमाबाबुलाई चियामा निद्रा लाग्ने औषधि हालेर खुवाएकी थिइन् । औषधिको प्रभावले मस्त निदाएका आफ्ना बाआमाका शिरमा उनले निर्ममतापूर्वक पटक-पटक बञ्चरो प्रहार गरेकी थिइन् ।




अठचालिस वर्षीय मोहम्मद शब्बीर र ४४ वर्षीया रेहाना केही दिनदेखि नदेखिएका तथता उनीहरूको घरबाहिर रगतका टाटा देखेपछि छिमेकीले आपराधको आशङ्का प्रहरीलाई खबर गरेका थिए । अनुसन्धानका क्रममा प्रहरीले १६ जनालाई पक्राउ गरेको थियो तर अभियुक्तको मोबइल फोनमा भेटिएको 'अडियो' लाई लिएर कठोर रुपमा केरकार गरेपछि उनले अपराध स्वीकार गरिन् ।
हत्यामा प्रयोग गरिएको हतियार पनि प्रहरीले बरामद गरेको छ । अभियुक्तलाई बाल सुधार गृहमा पठाइएको छ । निद्राको औषधि बेच्ने २२ वर्षीय मोहम्मद अकिललाई पनि पक्राउ गरिएको छ। (रासस /पिटिआई)

# ताइवानी राष्ट्रपति न्युयोर्कमा

न्युयोर्क, १६ चैत ।
ताइवानका राष्ट्रपति साई इङ वेन ग्वाटेमाला र बेलिजको भ्रमणका क्रममा आज न्युयोर्क आइपुग्नु भएको छ । स्वदेश फर्कनक्रममा उनले अमेरिकी प्रतिनिधिसभाका सभामुख केभिन म्याकार्थीलाई भेट्ने सम्भावना छ ।
ताइवानी नेताले सभामुख म्याकार्थीलाई भेटेमा त्यसले गम्भीर परिणाम निम्त्याउने चेतावनी वेइजिङले दिएको छ । सभामुखसँगको भेटवार्ताले गम्भीर टकराव निम्त्याउनसक्ने बेइजिङले बताउँदै आएको छ । ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा प्रवक्ता जोन किर्बीले विदेश भ्राणका क्रममा राष्ट्रपति साई अमेरिकामा 'ट्रान्जिट'मा बस्नु र उहाँले सभामुखलाई भेट्नु सामान्य हो भन्दै विगतमा पनि धेरै ताइवानी नेता अमेरिका भएर तेस्रो मुलुक प्रस्थान गरेका बताएका छन् ।



राष्ट्रपति साईको विदेश भ्रमाणको सातौँ अमेरिका ट्रान्जिट हो । सन् १९९४ यता ताइवानका बहालवाला राष्ट्रपतिले २९ पटक अमेरिकालाई ट्रान्जिट पारेर यात्रा गरेका छन् । चीनले स्वायत्त टापु ताइवानलाई आवश्यक परे बल प्रयोग गरेर मुख्यभूमिमा विलय गर्नसक्ने चेतावनी दिँदै आएको छ भने राष्ट्रको 'एक चीन' सिद्धान्तअनुसार कुनै पनि देशले चीन र ताइवान दुवैसँग आधिकारिक कूटनीतिक सम्बन्ध कायम गर्न नसक्ने बताउँदै आएको छ । राष्ट्रपति साई र सभामुख म्याकार्थीबीचको कुनै पनि बैठक आफूलाई अमान्य हुने उल्लेख गर्दै यदि उनले भेटवार्ता गरेमा त्यसविरुद्ध लड्न दृढ उपाय अवलम्बन गर्ने चेतावनी बुधबार बेइजिङले दिएको थियो ।
सभामुख म्याकार्थीले पनि क्यालिफोर्नियामा राष्ट्रपति साईलाई भेट्ने बताएका छन् । गत वर्ष पूर्वसभामुख न्यान्सी पिलोसीले ताइवानको भ्रमण गरेर राष्ट्रपति साईलाई भेटेपछि क्रुद्ध भएको बेइजिङले जनमुक्ति सेनालाई ताइवान टापु वरपर उतारेर अभूतपूर्व अभ्यास गरेको थियो ।
यसअघि पनि एक जना वरिष्ठ अमेरिकी प्रशासकले राष्ट्रपति साईको भ्रमणलाई बहाना बनाएर रोकटोकको अवाञ्छित क्रियाकलापमा नउत्रन चीनलाई अनुरोध गरेका छन् ।
राष्ट्रपति साईको अमेरिका बसाईलाई लिएर बेइजिङलाई आक्रमक नबन्न र जबरजस्ती नगर्न आह्वान गर्दै उनले चीनको चेतावनीबाट अमेरिकी नीतिमा कुनै परिवर्तन नहुने स्पष्ट गरेका छन् । (रासस/एएफपी)

# फिलिपिन्सको पानीजहाजमा आगो लाग्दा बाह्र जनाको मृत्यु



मनिला, १६ चैत ।
दक्षिणी फिलिपिन्समा एउटा पानीजहाजमा आगलागी हुँदा १२ जनाको मृत्यु भएको छ । उद्धारकर्मीहरूका अनुसार १४ जना घाइते भएका छन्भने सात जना अझै हराइरहेका छन् ।
गए राति जहाजमा आगो लागेपछि चालक दलका ३५ जना सदस्य र २९० जना यात्रीलाई तट रक्षक र माझीहरूको सहयोगमा सकुशल उद्धार गरिएको सरकारी अधिकारीहरूले आज जनाएका छन् ।
लेडी मेरी जोय-३ नामको पानीजहाज मिन्डानाओ टापुको जाम्बोआङ्गा शहरबाट सुलु प्रान्तको जोलो टापुतर्फ गइरहेका बेला आगो लागेको थियो । जहाजमा आगो लागेपछि यात्रीले हामफालेका प्रकोप व्यवस्थापन विभागका अधिकारी निक्सन अलोन्जोले बताएका छन् । बसिन प्रान्तका गभर्नर जिम सल्लिमानले जहाजमा दुई सय भन्दा बढी यात्री रहेका हुनसक्ने बताउँदै हराउनेको सङ्ख्या धेरै भएको आशङ्का गरेका छन् ।
पानीजहाजका यात्रीको नामसूचीमा दुई सय पाँच जनाभन्दा बढी रहेकाले बेपत्ता हुनेको संख्या सातभन्दा बढी हुनसक्ने उनले बताएका हुन् ।
बाह्र जनाको शव भेटिएको जानकारी दिँदै गभर्नर सल्लिमानले छ महिनाको एक बच्चासहित तीन बालबालिकाको दुर्घटनामा मृत्यु भएको जानकारी दिएका छन् । आगलागीको कारण खुलेको छैन । घाइतेहरूलाई उपचारार्थ जाम्बोआङ्गा र बासिलान पुऱ्याइएको छ ।
तट रक्षकले जारी गरेका तस्बिरहरूमा जलेको जहाजमा अर्को पानीजहाज र डुङ्गाबाट पानी खन्याएको तथा उद्धारकर्मीले अँध्यारोमा पीडितलाई पानीबाट निकालेर सुरक्षित स्थानतर्फ डुङ्गाहरूबाट लगेको देखिन्छ ।
सात हजारभन्दा बढी टापुको द्वीपसमूह फिलिपिन्समा अव्यवस्थित समुद्री यातायात, नियमित अनुगमनको अभाव र भीडभाडका कारण बेलाबेलामा यस्ता दुर्घटना हुनेगरेका छन् । (रासस/ एएफपी)

# चीन-ईयू सम्बन्धको 'निर्णायक कारक' युक्रेन

ब्रसेल्स, १६ चैत
युरोपेली सङ्घकी प्रमुख उर्सुला भोन डेर लेयेनले युक्रेनमा रूसको युद्धबारे आफ्नो अडानले चीन र ईयूबीचको सम्बन्ध निर्धारण गर्ने बताउनुभएको छ । यद्यपि, उहाँले युरोपले चीनबाट 'अलग्गिन' नचाहेको पनि बिहीबार बताएका छन् ।
युरोपेली आयोगका प्रमुख फ्रान्सेली राष्ट्रपति इमानुयल म्याक्रौँसँग अर्को साता बेइजिङ जाने कार्यक्रम तय भएको छ । ईयूका नेताहरूले चीनका राष्ट्रपति सी जिनपिङसँग भेटवार्ता गर्नुहुनेछ ।



गत साता मस्कोमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग ऐक्यबद्धता जनाएपछि स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजको अर्को भ्रमण हुन लागेको हो ।"युक्रेनमाथिको नृशंस र गैरकानुनी आक्रमणबाट टाढिनु त परै जाओस्, राष्ट्रपति सीले पुटिनको रूससँग आफ्नो 'नो लिमिट फ्रेन्डसिप' कायम राखेका छन्," भोन डेर लेयेनले एक प्रमुख नीतिगत सम्बोधनमा भने । चीनले आफूलाई तटस्थ मध्यस्थकर्ताको रूपमा स्थापित गर्ने प्रयास गरेको छ र युद्ध अन्त्य गर्न मद्दत गर्ने योजनाको रूपमा वर्णन गरेको छ । उनले मस्कोको युद्धको निन्दा गर्न अस्वीकार गरेको छ र रूसलाई हतियार पठाउने कुनै पनि सम्भावित कदमविरुद्ध पश्चिमा देशहरूले चेतावनी दिइरहेका छन् ।
कुनै पनि 'व्यवहारिक' शान्ति योजना युक्रेनको शर्तमा हुनुपर्ने र आफूले कब्जा गरेको भूभागमा क्रेमलिनको पकड बलियो बनाउन नहुने भोन डेर लेयेनले बताएका छन् । उनले भने, "यस विषयमा हामी स्पष्ट हुनुपर्छ । पुटिनको युद्धसँग चीनले कसरी अन्तरक्रिया जारी राख्छ भन्ने कुरा ईयू-चीन सम्बन्धका लागि निर्णायक कारक हुनेछ," उनले भने ।
संयुक्त राज्य अमेरिकाले आफ्ना युरोपेली मित्रराष्ट्रहरूलाई चीनविरुद्ध कडा अडानमा सामेल हुन दबाब दिइरहेका बेला ईयूले बेइजिङप्रतिको आफ्नो दृष्टिकोणलाई परिभाषित गर्न खोजिरहेको छ ।फ्रान्स र जर्मनी जस्ता युरोपका ठूला आर्थिक शक्तिहरू व्यापारिक सम्बन्ध नतोड्न इच्छुक छन्, जबकि चीनका कडा आलोचक पूर्वी सदस्यहरू यसको विपक्षमा उभिएको देख्न सकिन्छ । (रासस/एएफपी)

# न्यायको खोजिमा भौँतारिँदै सुलेना

## प्रेमीले छोडेर हिँडेपछि दुधे बालिका र आमाको बिचल्ली

मुकेश कुमार यादव
सिरहा, १६ चैत ।



प्रेमको महाजालमा फसेकी एक प्रसुती महिला अहिले न्यायको खोजीमा भौतारी रहेकी छन् । सिरहाका सुलैना दासलाई प्रेमिले प्रेमको मायाजालमा फसाएर गर्भवती बनाइ छोडेर हिडेपछि २ वर्षीय वालक र १८ दिने दुधे बालक सहित अहिले न्यायको पर्खाइमा बसिरहेकी छन् ।

सिराहाको सुखीपुर नगरपालिका ३ सलमपुरका कुलदिप दाससँग प्रेम विवाह गरेकी सुलेना दास प्रेमी श्रीमान फरार भएपछि दुधे बालिका सहित उनी विचल्लीमा परेकी हुन् । दुईवर्ष अघि कुलदिप र सुलेना प्रेम विवाह गरेको सुलेनाले बताइन । सुखीपुरमा टेन्टको बाजा बजाउने काम गर्दै आएका कुलदिपसँग नजिकिएकी उनले आफू दोस्रोपटक गर्भवती भएको बताएपछि श्रीमानले गोलबजारमा डेरा खोजेर राखिदिएको सुनाइन् । कुलदिपसंग विहे गरे लगतै छोरा जन्माएका उनी १८ दिन पहिले फेरी अर्को सन्तानको रुपमा छोरीलाई जन्म दिएकी छन् ।

उनले भने, 'पहिलो सन्तान दुई वर्षको छ, अहिले फेरी छोरी पएको छु ,तीन महिनाको गर्भ बोकाएर घरबाहिर गोलबजारमा राखेर फरार भएका श्रीमानको खोजी गरि न्याय दिलाइदिन जिल्ला प्रहरीलाई गुहार गरेपनि न्याय पाउन सकिन,। अब सुतसुत्केरी अवस्थामा दुधे बालक लिइ काहा जानू कस्लाइ गुहार्नु रु प्रहरीमा गए उल्टै गाली व्यजती गर्छन् । केहिदिन अगाडि प्रहरिले पैसा ९ घुस० खाएर गुपचुपै कुलदिपलाइ बिदेश पनि पठाइदिएको सुनेको बताइन् ,। अब त न्याय पाउने आसपनी मरेर गयो , म जस्तो असहायलाई कसले सहायता गर्छ रु उनले राज्य र प्रहरी प्रशासनप्रती प्रश्न गरेकी छिन् । उनले थपे, 'डेरामै रहँदा कहिलेकाहीं आउने श्रीमानले एकाध हजार दिएर जान्थे, त्यही बेला गर्भवती भएछु' । उनले भनिन् 'दुई छाक खान समेत गाह्रो परिरहेका अवस्थामा समाजिक कार्यमा सकृय भै काम गरिरहे मुक्ति नेपालले हाल सम्म सहयोग गरिरहेको बताइन् । कुलदिपले ल्याएपनि उनको घरपरिवारले नस्वीकारेकाले घर जान नसकिएको र आफ्नै मर्जिले विवाह गरेकाले माईतजाने अवस्था पनि नरहेको सुनैनाले सुनाए । उनले भने, 'घर जाउँ सासु ससुराले तलाई चिन्दैनौं हामी भन्दै पस्नै दिदैन, आफ्नै मर्जीले विवाह गरेकाले माईत जान पनि सक्दिन ।' गर्भवत्ति अवस्थामा सुनैना कसको साहारामा सुत्केउरी हुने चिन्तामा थिइन्। काखे बालक र अर्को जन्मने अवस्थाको गर्भले उनी ब्याकुल रहेको अवस्थामा हामीले समाजिक उतरदायित्व पूरा गरेको मुक्ति नेपाल संस्थाका कार्यकारी निर्देशक श्यामकुमारी साहले बताइन् । महिला अधिकारका लागि कृयाशील स्थानीय मुक्ति नेपालले गर्भवती दासलाई मनोविमर्श सेवा, स्वास्थ्य उपचारमा सहयोगसहित जिल्ला प्रहरीमा निवेदन दिन सघाएको संस्थाका निर्देशक साहले जनाइन् ।विवाह गरेको दुई वर्ष वितिसकेपनि उनको नागरिक्ता वनेको छैन। माईतिबाट जन्म प्रमाणित ल्याएको कागजपनि श्रीमानले लिएर हिडेको सुनैनाले बताएईन। उनले भने, 'अरु केही नभएपनि तत्काल नागरिकता, विवाह दर्ता र छोराको जन्मदर्ता बनाई दिए हुनेथियो ।' महिला मानवअधिकार रक्षक संजालकी राष्ट्रिय अध्यक्ष समेत रहेकी मुक्ति नेपालकी कार्यकारी निर्देशक श्यामकुमारी साहले सुलेनामाथि भइरहेको संरचनागत हिंसामा उनलाई नै दोषी देख्ने घर परिवार, समाज, कानून कार्यान्वयनकर्ताहरुको महिलाप्रतिको सोच, निष्कृयता र असंवेदनशीलता रहेको बताइन् ।

# ठोरीमा बाघको आतंकले जनता त्रसित

मधेशदृष्टि
वीरगंज, १६ चैत ।



पर्साको ठोरीमा बाघको आतंक बढ्दै गएको छ । यसैक्रममा बाघले एउटा गोठमा पुनः आक्रमण गरेको छ ।

बाघको आक्रमणबाट एउटा गोठ रित्तिएको केहि दिन नबित्दै बाघले आर्को गोठमा आक्रमण गरेको हो । ठोरी गाउँपालिका वडा नम्बर ४ मानाचोक निवासी नविन तामङको गोठमा बाघले आक्रमण गरेर चौपायालाई मारेको छ । पर्सा राष्ट्रिय निकुञ्जबाट गएराती गाउँ पसेको बाघले तामाङको गोठमा रहेको ५ वटा माउ बाख्रा, २ वटा खसि गरि ७ वटा चौपायालाई मारेको कुसुम बाटिका मध्यवर्ती उपभोक्ता समीतीका अध्यक्ष बुद्ध पाखीनले बताउनुभयो । स्थानीयहरुले आक्रमण बारे बिहान निकुञ्जमा खबर गरेपछि आर्मी आर्मीसहितको टोलीले बिहीवार बिहान बाघलाई धपाएको पाखिनले बताए । बाघले पटकपटक घरपालुवा जनावरलाई मार्दा पनि सम्बन्धि निकायले बाघलाई नियन्त्रणमा नलिई निकुञ्जमा छाडेको भन्दै स्थानीय आक्रोसित भएका छन् । उनीहरुले बाघलाई नियन्त्रणमा लिन निकुञ्जसँग आग्रह गरेका छन् । गएको चैत ७ सात गतेपनि निकुञ्जबाट निस्कीएको पाटे बाघले ठोरीको घ्याङडाँडाका स्थानीय मिक्मर लामाको गोठमा पसि ६ वटा बाख्रा १ भैसिको पाडा मारेको थियो ।

# विक परिवारलाई आर्थिक सहयोग



मधेशदृष्टि
वीरगंज, १६ चैत ।

नेकपा एमाले ठोरीको पहलमा ठोरी गाउँपालिका वडा नम्बर ४ फायरलाइन निवासी धनबहादुर बिकको परिवारलाई आर्थिक सहयोग प्रदान गरिएको छ ।

नेकपा एमाले ठोरी गाउँ कमिटीको पहलमा विकको परिवारलाई ६० हजार ५ सय ७५ रुपैयाँ आर्थिक सहयोग गरिएको एमाले नेता खगेन्द्र श्रेष्ठले जानकारी दिए । केहीदिन अघि भक्तपुरको लुबुमा ग्यास पड्कंदा जलेर मृत्यु भएका फारलाइनका बिबेक बिकका बुबा धनबहादुरलाई राहत संकलन गरेर हस्तान्तरण गरिएको श्रेष्ठले बताए । विशेष गरी ठोरीबाट कोरिया, जापानलगायत देशहरूमा बस्ने प्रवासी नेपालीले संकलन गरी पठाएको पैसा पीडित परिवारलाई हस्तान्तरण गरिएको हो ।

# विभिन्न स्थानमा आगलागीमा लाखौंको क्षति



मधेशदृष्टि
वीरगंज, १६ चैत ।

रौतहटमा विभिन्न स्थानमा आगलागीका कारण करोडौंको धनमाल जलेर नष्ट भएको छ। जिल्लाको गौरमा नगरपालिकास्थित सुकदेव चौकमा रहेको रिद्धिसिद्धी उद्योगमा आगलागी भएको छ ।

आगलागीका कारण १ करोड रुपैयाँ भन्दा बढीको धनमाल जलेर नष्ट भएको छ । गएराति गौरका स्थानीय रतिनाथ झाले सञ्चालन गरेको उद्योगमा विद्युत सर्ट भई भएको आगलागीबाट घर, प्लाइ बनाउने कच्चा पदार्थ, मोटर तथा मेसिन जलेर १ करोड रुपैयाँ भन्दा बढीको क्षति भएको प्रहरी चौकी शुकदेव चौकका प्रहरी निरीक्षक ध्रुबलाल साहले जानकारी दिए । चन्द्रपुरबाट आएको दुईवटा दमकल, स्थानीय र प्रहरीको सहयोगमा आज बिहान ५ बजे आगलागी नियन्त्रणमा आएको उनले बताए ।

यस्तै गौर नगरपालिका ४ स्थित मुनिफ पोल्ट्री फर्ममा गएराति अचानक आगलागी हुँदा लाखौको क्षति भएको छ । आगलागीबाट फर्म, २५ सय चल्ला, दाना, औषधि, ग्यास सिलिन्डर, एलसीडी, लत्ताकापडा, भाडावर्तन जलेर नष्ट भएको रौतहट प्रहरीले जनाएको छ । आगलागीबाट करिब २३ लाख ५८ हजार रुपैयाँको क्षति भएको पीडितले बताए ।

यसैगरी, सोही नगरपालिकाको वडा नम्बर ३ मचकुटिया टोलमा चन्दन साहको कच्ची खरको घर र माधव नारायण वडा नम्बर ८ का गजेन्द्र कुशवाहाको घरमा भएको आगलागीमा लत्ताकापडा, केही चौपाया जलेर करिब ३ लाख रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# ममता विद्या मन्दिरको नवौँ वार्षिकोत्सव

मधेशदृष्टि
वीरगंज, १६ चैत ।

वीरगंजस्थित ममता विद्या मन्दिर इग्लिस बोर्डिङ स्कुल मुर्लीको नवौँ वार्षिकोत्सव बिहीवार भएको छ । कार्यक्रममा विभिन्न विधामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गरिएको थियो ।

विद्यालयका अध्यक्ष शम्भुप्रसाद गुप्ताको अध्यक्षतामा सम्पन्न वार्षिक उत्सवमा सासद प्रभु हजारा, प्रध्यापक राजेन्द्र कोइराला, पूर्व प्रधानाध्यपक लालबहादुर महतो, सुरर्जी देवी माध्यमिक विद्यलयका प्रधानाध्यापक मनोज चौहान, समाजसेवी सन्जु साह, श्याम गुप्ता कार्यक्रममा विद्यालयका प्रिन्सिपल काशीप्रसाद चौधरी, विद्यालयका प्रबन्ध निर्देशक विश्वास प्रताप शाहलगायतले विद्यालयले वीरगंजको शैक्षिक क्षेत्रको विकासमा पुऱ्याएको योगदानबारे चर्चा गरेका थिए ।

# रास्वपा केन्द्रीय सदस्यले दिए राजीनामा

मधेशदृष्टि
वीरगंज, १६ चैत ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केन्द्रीय सदस्य गणेश कार्कीले बारा क्षेत्र नम्बर २ को निर्वाचन परिचालन समिति संयोजकबाट राजीनामा दिएका छन् ।

पार्टी सभापति रबि लामिछानेलाई सम्बोधन गर्दै पत्र लेखेर कार्कीले स्वास्थ्यका कारण निर्वाचन संयोजक भएर काम गर्न नसक्ने बताए । 'व्यक्तिगत तथा स्वास्थ्यको कारण बारा २ निर्वाचन संयोजकको आवश्यक जिम्मेवारीबहन गर्न नसक्ने हुँदा सो पदमा रहिरहनु पार्टीका लागि नोक्सानी हुन सक्ने भएकाले पदबाट राजीनामा दिएको छु,' उनले भने । आफू संयोजक नरहे पनि उपचुनावका गतिविधिहरूमा सामर्थ्य, विवेकले भ्याउने हदसम्म सरिक रहने उनले बताए ।

# प्रशासकीय अधिकृतहरुको सरुवा आतंक

मधेशदृष्टि
वीरगंज, १६ चैत ।

सरकार विस्तार हुने क्रमसँगै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वीरगंज महानगरपालिकासहित देशभरका विभिन्न स्थानीय तहमा ठूलो संख्यामा प्रशासकीय अधिकृतहरुको सरुवा गर्ने हल्ला फिँजाएपछि उनीहरु आतंकित भएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वीरगंज सहित बारा, पर्सा, रौतहटका दर्जनौ स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई सरुवा गर्ने हल्ला चलाएर आतंकित तुल्याएको जनाएको छ। सरुवाको हल्ला फैलिएपछि विभिन्न स्थानीय तहमा रहेका दर्जनौं प्रशासकीय अधिकृतहरु आफ्नो सरुवा रोक्न तथा थप आकर्षक ठाउँमा सरुवा गराउन काठमाडौं पुगेका छन् ।

उनीहरुका अनुसार सरुवाका लागि मन्त्रालयबाटै आर्थिक मोलमोलाइ भइरहेको छ । वीरगंजसहित विराटनगर, भरतपुर, पोखरा, ललितपुर, काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरु समेत सरुवामा परिने हो कि भन्ने डरले आतंकित भइरहेका छन् । 'सरुवा गर्ने हल्लाले हामीले राम्ररी काम गर्न सकेका छैनौं,' मन्त्रालयबाटै सरुवाको हल्ला फिँजाइएकोमा एक प्रमुख प्रशासकिय अधिकृतले दुखेसो व्यक्त गरेका छन । स्रोतका अनुसार मन्त्रालायले केही प्रशासकीय अधिकृतको भने सरुवा गरेको छ । रिक्त स्थानमा सरुवा गरिएको र केही ठाउँमा नियमअनुसार नै सरुवा गरिएको मन्त्रालयको दाबी छ ।




# पत्रकार महासंघले मनायो स्थापना दिवस

मधेशदृष्टि
वीरगंज, १६ चैत ।

नेपाल पत्रकार महासंघ पर्साले महासंघको ६८ औं स्थापन दिवसको अवसरमा बिहीबार वीरगंजमा प्रभातफेरी निकालेको छ ।

वीरगंजको घण्टाघरबाट निकालिएको प्रभातफेरीले नगर परिक्रमा गरी नेपाल पत्रकार महासंघको सभाकक्षमा पुगेर सभामा परिणत भएको थियो । कार्यक्रममा स्वर्गीय नरेश सर्राफ स्मृति क्रियाशिल पत्रकारिता पुरस्कारबाट सञ्चारकर्मी राजेन्द्र सिंह सम्मानित भएका छन् । सञ्चारकर्मी सिंहलाई २० हजार रुपैयाँ नगदसहित सम्मान पत्र पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले प्रदान गरे । नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा पर्साका प्रहरी उपरीक्षक कोमल शाह, प्रेस युनियन पर्साका अध्यक्ष रामनारायण कुर्मी, प्रेस सेन्टर पर्साका अध्यक्ष दीपक गौतम, समाजवादी प्रेस संगठन पर्साका अध्यक्ष मनोज पटेल, शंकर खतिवडा, शत्रुघन नेपाल, पञ्कज श्रेष्ठ लगायत पर्साका पत्रकारको उपस्थिति थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल